
# लेखापरीक्षण प्रतिवेदन

# आठराई गाउँपालिका, तेह्रथुम

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

## आठराई गाउँपालिका, तेह्रथुम

आर्थिक वर्ष २०८०/८१

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
**कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय**
**काठमाडौं**

प.सं.:2081/82 मिति : २०८२-२-६

च.न.:FAR/2080-81/LOC/71

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री अध्यक्षज्यू,
आठराई गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
तेह्रथुम।

**कैफियतसहितको राय।**

हामीले **आठराई गाउँपालिकाको** आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत बार्षिक प्रतिवेदन, बजेट तुलानात्मक वितरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखा नीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। पालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. ८ करोड ८८ लाख ५२ हजार र गरिबसँग विश्वश्वेर कार्यक्रमको रु. ४ लाख १५ हजारसमेत गरी रु. ८ करोड ९२ लाख ६७ हजार समावेश गरेको छैन।

२. गाउँलिकाको रु. १ अर्ब २० करोड ४५ लाख ३६ हजार लेखापरीक्षण गरिएकोमा रू. ३ करोड २८ लाख ५४ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा असुल गर्नुपर्ने रू. ९० लाख १२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ९१ लाख ३७ हजार, नियमित गर्नुपर्ने रु. १ करोड ३० लाख ९३ हजार र पेश्की बाँकी रु. १६ लाख १२ हजार रहेको छ। गत वर्षसम्म रु. ५९ करोड १८ लाख ९१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. ६२ करोड ४७ लाख ४५ हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ।

एकीकृत वित्तीय विवरण तयार गर्ने **आठराई गाउँपालिका**सँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य बेहोरा**

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी **आठराई गाउँपालिका** व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( बालकृष्ण थापा )

नायब महालेखापरीक्षक

## बेरुजु वर्गीकरण

### चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | | | | | | | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ९६ | ७७ | ३,२८,५३,९६० | ० | ० | ० | ० | ९६ | ७७ | ३,२८,५३,९६० | ९०,१२,६१२ | १,३०,९३,४५५ | ९१,३६,६५४ | ० | ० | २,२२,३०,१०८ | १६,११,२४० |

### अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| तेह्रथुम | ५९,२१,२९,९८४ | ० | २,३९,१२९ | ५९१८९०८५५ | ० | ३,२८,५३,९६० | ६२,४७,४४,८१५ |

### बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०७८/७९ | विभिन्न | विभिन्न | ३७,९०४ |
| २ | २०७८/७९ | विभिन्न | विभिन्न | २,०१,२२५ |
| जम्मा | | | | २,३९,१२९ |

# (८०१०५५०१३०० - आठराई गाउँपालिका, तेह्रथुम )

# परिचय

१ **परिचय**

**(क) कार्यालय परिचय :-** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ७ वडा, १६७.०७ वर्ग किलोमिटर क्षेत्रफल तथा १८१५६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस पालिकाको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस पालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।५।२६ देखि २०८१।५।३० सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा पालिका प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतितपत्रमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. १,२०,४५,३६,२०६.६४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिष्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-०१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| आ.व. : २०८०/८१ अवधी : २०८०/०४/०१ - २०८१/०३/३१ | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | | | म.ले.प.फा. नं .२७०-०१ | | |
| | | | चालु आ.ब.को कारोबार | | | गत आ.ब. को कारोबार | | |
| क्र.स./ आर्थिक सङ्केत | विवरण | टिप्पणी नं | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | | | | |
| ११००० | कर | | ८,३७,०३,०३४.१२ | ० | ८,३७,०३,०३४.१२ | २,५९,९६,६३३.७० | ० | २,५९,९६,६३३.७० |
| १३००० | अनुदान | | ४०,९९,३५,९८६.०८ | ० | ४०,९९,३५,९८६.०८ | ४२,५८,२५,७७३.०४ | ० | ४२,५८,२५,७७३.०४ |
| १४००० | अन्य राजस्व | | ३३,७४,६९७.२५ | ० | ३३,७४,६९७.२५ | २०,००,५४०.८६ | ० | २०,००,५४०.८६ |
| १५००० | विविध प्राप्ति | | १,८४,०००.०० | ० | १,८४,०००.०० | ३९,८३१.०० | ० | ३९,८३१.०० |
| क | कुल जम्मा प्राप्ति | | ४९,७१,९७,७१७.४५ | | ४९,७१,९७,७१७.४५ | ४५,३८,६२,७७८.६० | | ४५,३८,६२,७७८.६० |
| ३ | चालु | | ३६,५८,५७,६१०.६९ | ० | ३६,५८,५७,६१०.६९ | ३४,९८,३१,८१२.५० | ० | ३४,९८,३१,८१२.५० |
| २१००० | पारिश्रमिक / सुविधा | | २७,४६,१४,७५०.१० | ० | २७,४६,१४,७५०.१० | २३,८१,९३,१८७.२० | ० | २३,८१,९३,१८७.२० |
| २२००० | मालसामान तथा सेवाको उपयोग | | ६,२९,३१,९८२.५१ | ० | ६,२९,३१,९८२.५१ | १०,५९,४६,४४४.९७ | ० | १०,५९,४६,४४४.९७ |
| २५००० | सहायता (Subsidy) | | २,२०,९५,५४३.०८ | ० | २,२०,९५,५४३.०८ | ७,९५,१५३.३३ | ० | ७,९५,१५३.३३ |
| २७००० | सामाजिक सुरक्षा | | ५६,६५,३३५.०० | ० | ५६,६५,३३५.०० | ३६,३०,७७१.०० | ० | ३६,३०,७७१.०० |
| २८००० | अन्य खर्च | | ५,५०,०००.०० | ० | ५,५०,०००.०० | १२,६६,२५६.०० | ० | १२,६६,२५६.०० |
| ४ | पूंजीगत | | १८,९०,७०,७०८.४१ | ० | १८,९०,७०,७०८.४१ | १८,८४,८१,४४३.७५ | ० | १८,८४,८१,४४३.७५ |
| ३१११० | भवन तथा संरचना | | ७,६२,४८,११३.२५ | ० | ७,६२,४८,११३.२५ | ६०,९९,६२०.०० | ० | ६०,९९,६२०.०० |
| ३११२० | सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | | ७९,३३,८०४.०० | ० | ७९,३३,८०४.०० | २,२५,३१,८३५.०० | ० | २,२५,३१,८३५.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | | १,४८,४७८.०० | ० | १,४८,४७८.०० | ४२,८७,८०१.०० | ० | ४२,८७,८०१.०० |
| ३११५० | सार्वजनिक निर्माण | | ८,७३,२५,७८८.७५ | ० | ८,७३,२५,७८८.७५ | १०,५३,५६,५९३.७५ | ० | १०,५३,५६,५९३.७५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | | २६,५६,६१३.०० | ० | २६,५६,६१३.०० | ६,८८,१२२.०० | ० | ६,८८,१२२.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | | १,४७,५७,९११.४१ | ० | १,४७,५७,९११.४१ | ४,९५,१७,४७२.०० | ० | ४,९५,१७,४७२.०० |
| ख) | कुल जम्मा भुक्तानी | | ५५,४९,२८,३१९.१० | | ५५,४९,२८,३१९.१० | ५३,८३,१३,२५६.२५ | | ५३,८३,१३,२५६.२५ |
| ग) | बचत /कमी (ग = | | (५,७७,३०,६०१.६५) | | (५,७७,३०,६०१.६५) | (८,४४,५०,४७७.६५) | | (८,४४,५०,४७७.६५) |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | क-ख ) | | | | | | | |
| घ) | धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | | २,६१,२३,९५३.९१ | | २,६१,२३,९५३.९१ | ५२,२५,८५६.७५ | | ५२,२५,८५६.७५ |
| घ.१) | कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी | | | | | -७,६३८.०० | | -७,६३८.०० |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | | (३,१६,०६,६४७.७४) | | (३,१६,०६,६४७.७४) | (७,९२,२४,६२०.९०) | | (७,९२,२४,६२०.९०) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | | १०,८६,२७,९७३.८० | | १०,८६,२७,९७३.८० | १८,७८,५२,५९४.७० | | १८,७८,५२,५९४.७० |
| छ) | विनिमय नाफा/ घाटा तथा अन्य समायोजन | | | | | | | |
| ज) | **आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | | **७,७०,२१,३२६.०६** | | **७,७०,२१,३२६.०६** | **१०,८६,२७,९७३.८०** | | **१०,८६,२७,९७३.८०** |

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.८,८८,५२,०६७।०० र गरिबसँग विश्वेश्वर कार्यक्रमको रु.४,१४,९९५.०० समेत गरी रु.८,९२,६७,०६२।०० सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणस पूर्ण नहुँदा पालिकाले तयार गरेको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदनले आर्थिक अवस्थाको यथार्थ चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.२ **फरक जिम्मेवारी** – स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाले आफ्नो कारोबारको जिम्मेवारी गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. १०,८२,१८,९०५।६० मौज्दात रहेकोमा म. ले. प. फारम नं. २७०-०१ बमोजिम रु. १०,८६,२७,९७३।८० जिम्मेवारी सारेकोले रु ४,०९,०६८।२० बढी जिम्मेवारी सारेको देखियो। उक्त बढी जिम्मेवारी सम्बन्धमा हिसाब मिलान गरिनु पर्दछ ।

२.३ **बैंक हिसाब विवरणः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाबमिलान विवरण तयार नगरेको कारण वर्षान्तमा म.ले.प. फारम नं. २७०-१ बमोजिम स्रेस्ता

अनुसारको मौज्दात रु. ७,७०,२१,३२६।०६ भएकोमा पालिकाले तयार गरेको एकिकृत आर्थिक विवरणमा स्रेस्ता अनुसारको मौज्दात रु.७,६१,०५,४५०.०७ देखाएकोले यी दुइ मौज्दात बीच रु. ९,१५,८७५।९९ फरक देखिएकाले सो को समायोजन गरेको देखिएन । एकिकृत आर्थिक विवरणलाइ आधार मान्दा स्रेस्ता अनुसारको मौज्दात रु.७,६१,०५,४५०.०७ देखाएकोमा बैंक अनुसारको मौज्दात रु.७,७२,००,७८७।२९ देखाएकोले श्रेस्ता भन्दा बैंक रु. १०,९५,३३७.२२ बढी देखिएको छ।पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

| सि.नं. | बैंकको नाम | खाता नं | खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु | बैंक अनुसार बाकी रु | फरक |
|---|---|---|---|---|---|---|
| १ | नबिल बैंक लिमिटेड | 19501017500038.00 | ग १.१ आन्तरिक राजस्व खाता | ९३२,८३७।१० | ९३२८३७ ।१० | ०।०० |
| २ | नबिल बैंक लिमिटेड | 19501017500018.00 | ग २.१ चालू खर्च खाता- विजोर वर्ष | - | १७८४९९९८।३९ | १७८४९९९८।३९ |
| ३ | नबिल बैंक लिमिटेड | 19501017500022.00 | ग २.३ पूँजिगत खर्च खाता- विजोर वर्ष | - | १८४९९५७२।५९ | १८४९९५७२।५९ |
| ४ | नबिल बैंक लिमिटेड | 19501017500014.00 | ग २.७ विविध खर्च खाता | २,३२२,४८६।५१ | २३२२४८६।५१ | ०।०० |
| ५ | नेपाल बंगलादेश बैंक लि. | 310000841.00 | ग ३.१ स्थानीय तह धरौटी खाता | १,०४८,३१८।०० | ०।०० | -१०४८३१८।०० |
| ६ | नबिल बैंक लिमिटेड | 19501017500028.00 | ग ३.१ स्थानीय तह धरौटी खाता | ८,०६६,५२८।०० | ९११४८१४।०० | १०४८२८६ ।०० |
| ७ | नबिल बैंक लिमिटेड | 19501017500003.00 | ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ४२,१०८,७४०।७१ | ६३६३१०२।९५ | -३५७४५६३७।७६ |
| ८ | नबिल बैंक लिमिटेड | 19501017500053.00 | ग ५.१ स्थानीय तह विविध कोष खर्च खाता | १०४,१९०।०० | १०४१९० ।०० | ०।०० |
| ९ | नबिल बैंक लिमिटेड | 19501017500031.00 | ग ५.१ स्थानीय तह विविध कोष खाता (कर्मचारी कल्याण कोष खाता) | ५२२,९९६।१५ | ५२२९९६ ।१५ | ०।०० |
| १० | नबिल बैंक लिमिटेड | 19501017500025.00 | ग ६.१ स्थानीय तह विभाज्य कोष खाता | - | ४९१४३६ ।०० | ४९१४३६ ।०० |
| ११ | नबिल बैंक लिमिटेड | 19501017500035.00 | ग ७.१ स्थानीय तह आकस्मिक कोष खाता | २०,३५१,५५०।०० | २०३५११५५०।०० | ०।०० |
| १२ | नेपाल बंगलादेश बैंक लि. | 310001241.00 | ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | ६४७,८०३।६० | ६४७८०३ ।६० | ०।०० |
| | | | | ७६,१०५,४५०।०७ | ७७, २००,७८७।२९ | १, ०९५,३३७।२२ |

३ **आन्तरिक नियन्त्रण प्रणालीः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन तथा अधावधिक गर्नुपर्ने सो गरेको पाईएन,

• गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तथा मध्यकालीन खर्च संरचना तयार गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम वार्षिक खरिद योजना तयार गरेको भएतापनी खरिदको गुरु योजना तयार गरेको देखिएन,

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन,

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरी सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन,

• सञ्चालित योजनाको फरफारक गर्दा सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ,

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत कर्मचारीको कार्य विवरण तयार गरी सोको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरी सोको प्रतिवेदन दिनुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात मात्र लेखापरीक्षण र प्रतिवेदन दिने गरेको पाइयो,

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन,

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन,

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्नेमा लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविधि खर्च गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गर्नुपर्नेमा खर्चको मापदण्ड निर्धारण गरेको छैन,

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरीकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो,

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन,

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन,

• म.ले.प.फारम ९०६ बमोजिम सवारी साधन र मेशिनरीको मर्मत अभिलेख अद्यावधिक भएको देखिएन,

• म.ले.प.फारम ८०१ बेरुजु लगत तथा ८०२ अनुसार बेरुजुको प्रतिवेदन तयार गरेको पाईएन,

• सम्पुर्ण योजनाको नापी किताव रनिङ्ग विल अनुसार छुट्टाछुट्टै राखेको अद्यावधिक नापी किताव तयार गरेको देखिएन,

• उपभोक्ता समिति मार्फत संचालित अधिकांश योजनाको नापी किताव तथा कार्य स्वीकार प्रतिवेदनमा उपभोक्ता समितिको सही र छाप लगाएको देखिएन,

• अधिकांश सामाग्री खरिदको सार्वजनिक खरिद नियमावलीको नियम ११५ बमोजिमको निरीक्षण तथा परीक्षण गरेको देखिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउनुपर्ने व्यहोरा गत विगत वर्षमा समेत औँल्याइएकोमा उल्लेखित विषयमा सुधार गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **बेरुजु लगतः**

पालिकाले बेरुजु लगतका लागि म.ले.प. फारामको व्यवस्था गरीएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको म.ले.प. फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।

- म. ले. प. फाराम ८०१ – बेरुजु लगत,
- म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन,
- म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख.

म. ले. प. फाराम अद्यावधिक नहुँदा वेरुजुको वास्तविक अवस्था यकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

५ **आवधिक योजनाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको देखिएन।आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषय र कार्यक्रमहरुलाई समावेश गरेको देखिन्छ। स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी सोही अनुरुप बार्षिक बजेट तथा कार्यक्रम तय गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।

६ **आन्तरिक लेखापरीक्षणः**

स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस पालिकाले २०८०।८१ आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण आर्थिक बर्षको अन्त्यमा एकै पटक गरी प्रतिवेदन पेश गरेको देखिन्छ । पालिकामा आन्तरिक लेखापरीक्षकका लागि सहायक पाँचौ स्तरको १ दरवन्दी तथा पदपुर्ति समेत रहेको देखिएकाले कानुनमा भएको व्यवस्था बमोजिमनै आन्तरिक लेखापरीक्षण गराउने व्यवस्था कार्यान्वयन गराउनु पर्दछ।

७ **सूचना प्रविधी पद्धतिः**

सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

- कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्धतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्व उठाउन प्रयोग गरेको राजस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक संस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरी सम्झौता गरेको देखियो। यसबाट पालिकाको आन्तरिक आय लेखाङ्कनका सम्बन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले संकलन केन्द्रबाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत नगरपालिकाको पहुँच हुनेगरी सुधार गर्नुपर्दछ ।
- सूचना प्रविधी पद्धतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।
- सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरीटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्बन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

प्रणाली फेलर वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने असल अभ्यास रहेको छ । पालिकाले यस सम्बन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकयलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको जानकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

८ **धरौटी अभिलेखः**

पालिकाले निर्माण कार्य सम्झौता गर्दा र रनिङ्ग विल अनुसार निर्माण कार्यको भुक्तानी गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार धरौटी राख्ने र धरौटी कट्टी गरी भुक्तानी गर्ने गरेको छ । यसरी कट्टी गरी राखेको धरौटीको अभिलेख कार्य सम्पन्न भएपछि फिर्ता गर्नुपर्दछ । पालिकाले गत विगत देखि सुत्र प्रणालीबाट लेखा राखेकोमा सो वर्ष देखिएको धरौटीको अभिलेख अद्यावधिक भएपनि सुत्र सफ्टवेयर लागु हुनुभन्दा अघिल्ला वर्षहरुको अभिलेख प्रणालीमा प्रविष्टि गरेको छैन । यसवाट धरौटी वास्तविक अवस्था यकिन नहुने देखिन्छ । साथै वित्तीय विवरणमा प्रस्तुत धरौटी समेत एकिकृत अभिलेखको अभावमा वास्तविक भए नभएको यकिन हुन सकेन । धरौटीको अभिलेख अद्यावधिक गर्नुपर्दछ ।

९ **अनुदान फिर्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४५ अनुसार सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकममध्ये सम्बन्धित आर्थिक वर्षभित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो बर्ष देहाय बमोजिमका अनुदानमा देहाय बमोजिमको निकासा प्राप्त गरेकोमा खर्च नभई वाँकी रहेको रकम सोही वर्षमा फिर्ता गरेको देखिन्छ ।पालिकाले अनुदान रकमको अधिकतम उपयोग गर्ने तर्फ ध्यान दिनु पर्दछ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | ३४,७६,५९,०००.०० | २९,६९,५२,२२४.०८ | ५,०७,०६,७७५.९२ | ० |
| | समपुरक | १,००,००,०००.०० | १,००,००,०००.०० | ० | ० |
| प्रदेश सकार | शसर्त | ६५,८०,०००.०० | ४४,६७,९१९.०० | २१,१२,०८१.०० | ० |
| | समपुरक | १,००,००,००० | ४३,९०,८४३.०० | ५६,०९,१५७.०० | ० |
| जम्मा | | ३७,४२,३९,०००.०० | ३,१५,८१०,९८६ | ५,८४,२८,०१३.९२ | ० |

१० **बजेट तथा कार्यक्रम तर्जुमाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

११ **बजेट सीमा निर्धारण समितिः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरीसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट कार्यान्वयन वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र

पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

१२ **बजेट पेश, पारीत र अख्तियारीः**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारीत गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०८०।०३।१० गते रु. ६६ करोड ६ लाख ४ हजार ४ सय ५४ रुपैयाको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०८०।०३।२० मा पारीत भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०८०।०४।७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

१३ **रकमान्तरः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशीर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशीर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय सरकार संचालन ऐनको दफा ७९ मा स्थानीय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानीय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पुँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शीर्षकगत रुपमा एकमुष्ट रु.३,५४,२२,४४०.०० रकमान्तर गरेको छ । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्नेतर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

१४ **त्रैमासिक खर्चः**

आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| बजेट शीर्षक | कुल खर्च | त्रैमासिक खर्च ( रकम रु . हजारमा ) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथो त्रैमासिक | आषाढ महिना |
| पुँजिगत खर्च | १८९०७१ | ३३५७७ | २४१५१ | १९६२८ | १११७१५ | ७१९०७ |
| खर्च प्रतिशत | १०० | १८ | १३ | १० | ५९ | ३८ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु १८ करोड ९० लाख ७१ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा १८ प्रतिशत, दोश्रो त्रैमासिकमा १३ प्रतिशत, तेश्रो त्रैमासिकमा १० प्रतिशत र चौथो त्रैमासिकमा ५९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा ३८ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरीनुपर्दछ ।

१५ **क्षेत्रगत बजेट र खर्चको स्थितिः**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| सि. नं. | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | १८१०१८०० | १२९८४०८२२ | २.३३ |
| २ | सामाजिक विकास | ३०२६२१०२५ | २५५०७७८३८ | ४५.९७ |
| ३ | पूर्वाधार विकास | १८१०२५०९० | १५६२२४१७७ | २८.१५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ११३२००९२ | ७२८८६७८ | १.३१ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | १६१४१५४४७ | १२३३८८९०४ | २२.२४ |
| कुल जम्मा | | ६७४४८३४५४ | ५५४९२८३१९ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४५.९७ प्रतिशत पूर्वाधार विकासमा २८.१५ प्रतिशत, आर्थिक विकासमा २.३३ प्रतिशत त्यस्तै सबै भन्दा कम सेवा प्रवाह र सुशासनमा १.३१ प्रतिशत रहेको छ। सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

१६ **योजना प्राथमिकिकरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रकृतिका योजना छनौट गरी प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेका अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ३२ | ५६ | ५९ | ४१ | ३१ | २१९ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २१९ वटा योजना संचालन गरेकोमा रु. ५ लाख भन्दा मुनिका मात्र 147 वटा अर्थात् ६७ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ । कार्यालयले पुँजी सिर्जना हुने ठोस योजनामा लगानी गर्नुपर्दछ ।

१७ **अवण्डा बजेटः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा आय–व्ययको अनुमान पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले आषाढको नगर सभाको बैठकबाट स्वीकृत भएको कार्यक्रम विश्लेषण गर्दा देहाय अनुसारको शीर्षकमा एकमुष्ट बजेट राखेको देखियो । कार्यक्रममा समावेश नगरी विविधि शीर्षकमा एकमुष्ट राखेको नियमित देखिन आएन । एकमुष्ट रकमबाट पटक पटक गरी सुविधाका आधारमा छनौट भएका योजनामा खर्च गरेको छ । शूरु योजनामा समावेश नगरी सुविधाका आधारमा योजना थप गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ ।

| क्रमश | विवरण | बजेट | खर्च |
|---|---|---|---|
| १ | विभिन्न योजना साझेदारी | १७७८७९२ | ८९३८३० |

१८ **सेवाप्रवाह विवरणः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १८ वटा ऐन, ४ वटा नियमावली, ४७ वटा कार्यविधि, ३ निर्देशिका र २ नर्म्स लगायत ७४ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस वर्ष पालिकाबाट ७६६ जन्मदर्ता र मृत्युदर्ता, ३३७ वटा नाता प्रमाणित, ७१२ नगरीकता

सिफारिसदर्ता, १८८ वटा घरवाटो सिफारिस र १४७३ अन्य सिफारिस भएको विवरण प्राप्त भएको छ । पालिकाबाट प्रदान गरीने सेवाप्रवाहलाई थप प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

१९ **लक्ष्य प्रगतिः**

कार्यालयले त्रैमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीला ंइ जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/ योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५% सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | २१९ | ३१ | ६ | ३ | ७ |

२० **सम्पत्ति अभिलेखः**

पालिकाको सम्पत्ति संरक्षण, मर्मत संभार तथा अभिलेखिकरणका सम्बन्धमा देखिएका व्यहोरा देहायमा उल्लेख छ ।

२०.१ **सम्पत्ति संरक्षण** : पालिका र अन्तरगतका वडाको स्वामित्वमा रहेका भवन, जग्गा, सवारी साधन, फर्निचर, विद्युतीय सामान लगायतका सम्पत्तिको मूल्यांकन समेत देखिने गरी अभिलेख अद्यावधिक गर्नुपर्ने सो गरेको पाईएन। साविक गाउँपालिका तथा नगरपालिकाबाट हस्तान्तरण भई आएको सम्पत्तिको अभिलेख अद्यावधिक गरेको देखिएन । कूल मूल्य खुल्ने गरी स्वामित्वमा रहेका सम्पत्तिको अद्यावधिक अभिलेख तयार गरी सम्पत्ति लेखांकन सुदृढ गर्नुपर्ने देखिन्छ ।

२०.२ **मर्मत संभार** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाको क्षेत्र भित्रको सम्पत्ति रेखदेख तथा मर्मत संभारको प्रवन्ध गर्नुपर्ने व्यवस्था छ । साथै सार्वजनिक तथा सामुदायिक सम्पत्ति बेचबिखन गर्न वा हक हस्तान्तरण गर्न वा लिजमा दिन नपाउने व्यवस्था छ । पालिकाले यस्ता सम्पत्तिको रेखदेख तथा मर्मत संभारको उचित प्रवन्ध गरेको देखिएन । सम्पत्ति संरक्षणको पर्याप्त प्रवन्ध गर्ने गरी सुधार गर्नुपर्दछ ।

२०.३ **जिन्सी अभिलेखिकरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ मा विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालय समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुनुपर्ने व्यवस्था छ । साथै हस्तान्तरण भई आएका सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता अद्यावधिक गरी असार मसान्त भित्र प्रतिवेदन तयार गर्नुपर्नेमा गरेको देखिएन। अभिलेखको अभावमा खरिद भएका तथा हस्तान्तरण भई आएको सम्पत्ति र सामाग्रिको यथार्थ अवस्था यकिन हुने देखिएन। अभिलेख प्रणालिमा सुधार गर्दै तत्काल जिन्सी निरिक्षण गरी प्रतिवेदन पेश गर्नुपर्दछ ।

२१ **राजस्व व्यवस्थापनः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायमा उल्लेख छन्।

२१.१ **राजश्व अभिलेखः** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तीय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शीर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र म.ले.प. फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

२१.२

**राजस्व लक्ष्य असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| संकेत नं | राजस्व शीर्षक | अनुमान | प्राप्ती |
|---|---|---|---|
| ११३१३ | सम्पती कर | १००००००. | ३३६३०.०६ |
| ११३१४ | भुमिकर/मालपोत कर | | ६१४५९०.४४ |
| ११३१७ | वहाल कर | ५०००००. | ४०८५४५.७४ |
| ११३१८ | बहाल विरौटी कर | | १७६८१७१.८ |
| ११४५१ | सवारी साधन कर (साना सवारी) | | ५०००. |
| ११६३१ | कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोबारमा लाग्ने कर | | १९३१५०. |
| ११६३२ | अखेटोपहारमा लाग्ने कर | | १०२५. |
| ११६९१ | अन्य कर | ५०००००. | १३६२५१२.३३ |
| १४२१८ | विद्युत सेवा शुल्क | | १००. |
| १४२१९ | अन्य सेवा शुल्क तथा विक्री | | १६७००. |
| १४२२१ | न्यायिक दस्तुर | | ३१०. |
| १४२२३ | शिक्षा क्षेत्रको आम्दानी | | २०७००. |
| १४२२४ | परीक्षा शुल्क | १०००००. | २३१००. |
| १४२२९ | अन्य प्रशासनिक सेवा शुल्क | | ३४६००. |
| १४२४२ | नक्सापास दस्तुर | | ४५५८३.८८ |
| १४२४३ | सिफारिस दस्तुर | १००००००. | २४५३१५. |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | | १९९८००. |
| १४२४५ | नाता प्रमाणित दस्तुर | | २२६००. |
| १४२४९ | अन्य दस्तुर | | ८३२७६.५८ |
| १४२५३ | व्यवसायिक रजिस्ट्रेशन दस्तुर | | ४७००० |
| १४२६२ | विद्युत सम्बन्धी दस्तुर | | ३०० |
| १४३१२ | प्रशासनिक दण्ड जरिवाना र जफत | | १४५६०.१९ |
| १४५२९ | अन्य राजश्व | | १११६७८ |
| १४६११ | व्यवसाय कर | | १५०० |
| १५१११ | वेरुजु | ५००००० | १८४००० |
| | जम्मा | ३६०००००. | ५४३७७४९.०२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको

दायारामा ल्याउनु पर्दछ ।

२१.३ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभाबकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**मनोरञ्जन कर :**स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०८०।८१ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर यकिन गरी असुल गर्नु पर्दछ ।

**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शून्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यसतर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

**राजश्व परामर्श समितिः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्बन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्बन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान गरेको पाइएन । अत नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

२१.४ **आन्तरिक आयः**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ५४,७५,३७,०२९.८० | ५४,३७,७४९.०२ | ०.९९ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.९९ प्रतिशत मात्र रहेको छ। त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२१.५ **राजश्व दाखिलामाः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न

लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोले पालिकाले समयमा राजस्व दाखिला गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

२१.६ **स्थानीय तहरूको विभाज्य कोष**– प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाँडफाँड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुँदा बिभाज्यकोषको बारेमा यकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाँडफाँड गर्नुपर्दछ ।

२२ **पेश्की व्यवस्थापनः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम पेश्की लिने कर्मचारीले तोकीएको कार्य सम्पन्न गरी कार्यालय फर्कीएको १५ दिन भित्र फाटबाँरी पेश गरी पेश्की फर्स्यौट गर्नुपर्ने तथा अन्य संघ संस्था र निर्माण व्यवसायीलाई दिएको पेश्की सम्झौतामा तोकीएको म्यादभित्र फर्स्यौट गर्नुपर्ने उल्लेख छ। पालिकाको यो बर्ष प्रदान गरीएको पेश्की मध्ये आर्थिक बर्षको अन्त्यसम्ममा फर्स्यौट नभै वाँकी रु. २,०४,७९,६६६.00 रहेको मध्ये म्याद नाघेको पेश्कीमध्ये गत बर्षको प्रतिवेदनमा उल्लेखित रु. १८८६८४२६।०० घटाउँदा हुने बाँकी रकम नियमानुसार असुल फर्स्यौट गर्नुपर्ने रु.

| पेश्की लिएको मिति | गो. भौ. न. | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | चालु आ. व. | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | म्याद ननाघेको | म्याद नाघेको | |
| ०३/२९/२०७८ | २२ | पोखरी माध्यमिक विद्यालय भवन पुनर्निर्माण | कन्काई म्युचल जे.भि. | | २८६८४२६ | गत आ. व. को म. ले. प. प्रतिवेदनमा उल्लेख |
| ०३/३१/२०७९ | १ | १५ सैया आधारभूत अस्पताल निर्माण | डाँफे कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | | १६०००००० | गत आ. व. को म. ले. प. प्रतिवेदनमा उल्लेख |
| ०७/०१/२०८० | ४ | आठराई गा.पा.१ , एकीकृत प्रशासकीय भवन निर्माण | आर.बि. सिद्धार्थ–ब्रोदर्स–शुभलक्ष्मी ड्राइगन जे.भी. | १०१३८११३ | | |
| ०४/०१/२०८० | १ | खुङ्ङिङ्खोला ट्रस , आठराइ २ देखि फेदाप ५ जोडने केराबारी झो पु | खुङ्ग्रीङ्ग खोला ट्रस पुल निर्माण उ.स. | | १५८६२४० | |
| ०२/१४/२०८१ | १११ | वालविकास केन्द्र यावन कार्यालय मर्मत योजना | जित बहादुर कन्दङ्वा - वडा सचिव | | २५००० | |
| जम्मा | | | | १०१३८११३ | २०४७९६६६ | |

| | |
|---|---|
| पेश्की | १६,११,२४० |

२३ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले

हालसम्म १८ वटा ऐन, ४ वटा नियमावली, ४७ वटा कार्यविधि ३ निर्देशिका २ नर्म्स गरी जम्मा ७४ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरी लागु गर्नुपर्दछ ।

२४ **न्यायीक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत वर्षको बाँकी ९ यो बर्ष दर्ता भएको १० जम्मा १९ मध्ये १० वटा फस्र्यौट भई ९ वटा फस्र्यौट गर्न बाँकी देखिन्छ । पालिकाले तोकिएको समयमै उजुरी फस्र्यौट गरी प्रभावकारी न्याय सम्पादमा ध्यान दिनुपर्दछ ।

२५ **कर्मचारी करारः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ७७ जना कर्मचारीहरु करारमा राखि रु.३२३१३४६२.०० खर्च लेखेको छ ।

त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद बाहेकको विभिन्न प्राविधिक पदमा४२ जना करार नियुक्ति गरी वर्षभरी रु १९७७०५१८ खर्च लेखेको छ।पालिकाले स्थाई पदपूर्ति गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ।

२६ **तलवी प्रतिवेदनः**

निजामति सेवा ऐन २०४९ को दफा (७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारीत भएको देखिएन । तलवी प्रतिवेदन पारीत नगरी रु १,१७,३३,०८५.00 भुक्तानी भएको छ।यसरी तलबी प्रतिवेदन पारीत नगरी तलब भत्ता भुक्तानी गर्दा तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारीत गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिश्लेषणयोग्य बनाउनु पर्दछ ।

२७ **कर्मचारी कल्याण कोषः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१(१) मा स्थानीय तहले स्थानीय सेवाका कर्मचारी निजको सेवा शर्त सम्वन्धी कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपदान वा निवृत्तभरण औषधि लगायतका सुविधा उपलव्ध गराउनका लागि एक अवकास कोष स्थापना गर्नुपर्ने व्यवस्था छ । उक्त ऐन को दफा ९१(२) अनुसार आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ प्रचलनमा आए पनि हालसम्म पनि पालिकामा कार्यरत स्थानीय स्थायी कर्मचारीको तलब भत्तामा १० प्रतिशत कट्टी गरी अवकास कोषमा जम्मा गर्नुपर्नेमा सो नगरी एकमुष्ट रुपमा रु. १५,००,०००.०० ट्रान्सफर गरेको देखिन्छ। पालिकाले कानून अनुसार उपदानकोष तयार गरी दीर्घकालिन रुपमा पालिकालाई अतिरिक्त व्ययभार पर्ने कार्यलाई निरुत्साहीत गर्नु पर्दछ।

२८ **कार्यालय सहयोगी नियूक्तिः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा औचित्यताको आधारमा खर्च गर्नु पर्दछ। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत दरवन्दीमा कार्यलय सहयोगीको दरवन्दी स्वीकृत छैन । पालिकामा ३ स्थायी सहित

आधारभूत स्वास्थ्य केन्द्रमा समेत गरी ३७ जना कार्यालय सहयोगी नियूक्ति गरी रु ८६७७५४०।०० खर्च लेखेको देखियो । यसरी स्थानीय सरकार संचालन ऐनले गरेको व्यवस्था अनुसार स्थायी तथा करार सेवामा कतैपनि दरवन्दी प्रस्ताव नगर्ने तथा पालिकाको आवश्यकताको आधारमा के कति कर्मचारी सेवा करारमा लिने हो सोको समेत विश्लेषण नगरी अधिक संख्यामा कार्यालय सहयोगीलाई नियुक्त गरेको देखियो । यसबाट दरबन्दी र दरबन्दी बाहिरको कर्मचारी विश्लेषण गर्न सकिएन । पालिकाले यसतर्फ अविलम्ब सुधार गर्नु पर्दछ।

२९ **ब्याक्होलोडर संचालन खर्च र आम्दानीः**

पालिकामा रहेको ब्याक्हो लोडर, ट्याक्टर मर्मत, चालक खर्च तथा ईन्धनमा यो बर्ष कार्यालयले रु..69,36,288.00 खर्च गरेकोमा उक्त मेसिन भाडामा लगाएबापत कार्यालयले जम्मा रु 18,40,297.00 मात्र आम्दानी गरेको छ। पालिकाद्धारा संचालित योजनामा समेत यसको प्रयोग भई के कति रकम बचत भयो सोको अभिलेख समेत राखेको पाईएन। कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरी प्रयोग नगरेको रु.

| साधन | ईन्धन | मर्मत | चालक | जम्मा रकम | आम्दानी |
|---|---|---|---|---|---|
| ब्याकहो लोडर | ८४५४५० | ४८६५५१ | ५७१०४२ | १९०३०४३ | २०७५८० |
| एक्जाभेटर | २६९४४९० | २१७५५७ | ४४६१५९ | ३३५८२०६ | १५४५५९२ |
| दमकल | १२९७२७ | २८०३० | ० | १५७७५७ | ० |
| ट्रक्टर | १३४६८० | ५८९१८ | ३६६७५९ | ५६०३५७ | ० |
| एम्बुलेन्स | ३४६९६० | २५४००९ | ३५५९५६ | ९५६९२५ | ८७१२५ |
| जम्मा | ४१५१३०७ | १०४५०६५ | १७३९९१६ | ६९३६२८८ | १८४०२९७ |

३० **आर्थिक सहयताः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले कार्यविधि नै बनाई मृत्यु भएको १४८ परिवारलाई १५,४७,०००.०० पशुपंक्षी राहतमा रु २,८४,७८६.०० दिर्घरोगि ३४ जनालाई रु १४,२०,०००.०० र प्रकोप व्यवस्थापन कोषबाट १३ जनालाई रु २,९५,९००.०० गरी आर्थिक सहायतामा रु ३५,४७,६८६.०० खर्च लेखेको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नुपर्ने देखिन्छ ।.

३१ **खाना तथा विविधि खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविधि खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष खाना तथा विविधितर्फरु. ३३,१६,६७१.०० खर्च गरेको छ। खाना तथा विविधिमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरी गर्नुपर्नेमा अधिकांश विविधि खर्चमा यस्तो प्रयोजन खुलाएको देखिएन । यसले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययीता कायम गर्नुका साथै खाना/ खाजा खर्चको प्रयोजन खुल्ने गरी खर्च लेख्नु पर्दछ।

३२ **अनुगमन तथा भ्रमण खर्च :**

भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्बन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष दैनिक भ्रमण र अनुगमन तथा मूल्याङ्कन कार्यमा रु. १८,८९,९००.०० खर्च गरेको देखिन्छ ।यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायमा उल्लेख छ।

- विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।

- अधिकांश भ्रमण खर्चमा भ्रमण प्रतिवेदन पेश गरेको देखिएन। भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन तथ्यपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो भन्ने आधार भएन। उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरी अभिलेख राखेको छैन। यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मूल्याङ्कन गर्न सक्ने देखिएन। साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको, खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन। पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।
- अधिकांश भ्रमण स्पष्ट प्रयोजन तथा उद्वेश्य बेगर रहेको तथा कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार देखिएन।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर पालिका अध्यक्ष/उपाध्यक्ष, वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्त हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

३३ **सवारी मर्मत खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १५(५) मा सार्वजनिक निकायले कुनै माल सामान मर्मत गर्दा सम्बन्धित विशेषज्ञबाट लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। त्यसैगरी सवारी साधन तथा मेशिन औजार मर्मत गर्दा म.ले.प.फा.नं. ४१४ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण आवेदन फारम र म.ले.प.फा.नं. ४१५ बमोजिमको ढाँचामा मर्मत संभार तथा संरक्षण अभिलेख खाता राख्नुपर्ने व्यवस्था छ। पालिकाले पालिकले सावारी साधन मर्मतमा र मेशिनरी औजार मर्मतमा यस वर्ष रु. ४०,८९,४३६.०० र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र मर्मत आवेदन म.ले.प.फा.नं. ४१४ र मर्मत अभिलेख खाता म.ले.प.फा.नं. ४१५ अद्यावधिक गरेको छैन। सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन। साथै एक लाखभन्दा बढीको मर्मत कार्य सार्बजनिक खरिद ऐन नियम बमोजिम नगरी सिधै खरिद गरेको देखियो। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तीय विवरणमा वास्तविक मूल्य लेखाङ्कन गर्न समस्या हुने देखिनुका साथै खरिद विधिको पालना गरेको पाईएन। खरिद विधिको पालना गर्दै यस प्रकारका खर्चमा मितवययीता कायम गर्नुपर्दछ ।

३४ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु. ३७,१०,६००.०० खर्च गरेको छ । यस्तो खर्च लेख्दा कार्यआदेश समेत दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट वा पालिकाको Web site मार्फत खरिद गरी यस प्रकारका खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ।

३५ **विज्ञापन वोर्ड कोष खाता कट्टीः**

विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २(ख) र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना

तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

३६ **इन्धन खर्चः**

कोशि प्रदेश सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७९ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्थाछ। पालिकाले निश्चित मापदण्ड नबनाई यो बर्ष इन्धन कार्यालय प्रयोजनमा रु. ६५,६७,६७४ र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययी गर्नेतर्फ ध्यान दिनुपर्दछ।

३७ **मसलन्द तथा कार्यालय सामग्री खर्चः**

सार्वजनिक खर्चमा मितव्ययीता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु. ४१,१५,६९९.०० खर्च गरेको छ । पालिकालाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ पालिकाले ध्यान दिन जरुरी देखिन्छ । पटक पटक टुक्रा गरी खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

३८ **बैठक भत्ताः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले कर्मचारी बैठक भत्ता र पदाधिकारी बैठक भत्तामा गरी रु १६,०२,१००.०० खर्च गरेकोमा अधिकांश बैठक एजेण्डा विहिन रहेको देखियो । पालिकाले विशेष कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

३९ **जरिवानाः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। कार्यालयले विद्युत महशुल समयमा भुक्तानी गरी महशुलमा छुट पाउनुपर्नेमा सो नगरी विल भुक्तानीमा ढिलाई गर्दा विद्युत महशुलमा थप जरिवाना भुक्तानी गरी थप व्ययभार पारेको छ। यस प्रकारको कार्यमा नियन्त्रण हुनुपर्दछ।

| भौ नं मिति | जरिवाना रु |
|---|---|
| ५८।९।३ स्वास्थ्य चौकी खाम्लाङ्ग | ११७६ |
| ६८।९।४ स्वास्थ्य चौकी खाम्लाङ्ग र वार्ड अफिस | १८३३ |
| ३६५।३।९ प्राथ्मिक स्वास्थ्य केन्द्र | १९३५ |
| जम्मा | ३५३९८ |

४० **परामर्शः**

सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्न भौ नं मितिबाट परामर्श सेवा खरिदमा रु ८९३८३०.०० खर्च गरेकोमा यस सम्बन्धमा देखिएका व्यहोरा निम्न बमोजिम छ।

| भौ नं मिति | कार्य | परामर्शदाता | भुक्तानी रु |
|---|---|---|---|
| ५१०।३।२४ | आईई फर क्वाटर विल्डिङ्ग | खैरा ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा. लि. | ३९८८९० |
| ५३३।३।२४ | डि पी आर अफ क्वाटर विल्डिङ्ग अफ आठराई गाउँपालिका | प्रयास ईन्जिनियरीङ्ग कन्सल्टेन्सी प्रा. लि. | ४९४९४० |
| | जम्मा | | ८९३८३० |

- यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । परामर्श सेवा खरिद गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा गाँउपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।
- परामर्शतदातालाई दिएको टर्म अफ रिफरेन्समा इन्सेप्सन रिपोर्ट, ड्राफ्ट रिपोर्ट एक प्रति फाइनल रिपोर्ट २ प्रति बुझाउनुपर्ने र भुक्तानी तरिकामा ५० प्रतिशत प्रतिशत भुक्तानी ड्राफ्ट रिपोर्ट पेश भएपछि र ५० प्रतिशत भुक्तानी अन्तिम प्रतिवेदन पेश भएपछि हुने उल्लेख भएकोमा फिल्ड प्रतिवेदन र ड्राफ्ट प्रतिवेदन प्राप्त भई सो उपर छलफल राय सुझाव सहित अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा सो गरेको देखिएन । आगामी दिनमा यस कार्यमा सुधार गरीनुपर्दछ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८१ अनुसार सार्वजनिक निकायले परामर्शदाताबाट परामर्श सेवा खरिद गर्दा खरिद सम्झौता बराबर खरिद मूल्य खप्ने गरी परामर्शदाताले पेशागत उत्तरदायित्व विमा गरेको प्रमाण पेशगर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित कार्यको परामर्श सेवा खरिद गर्दा पेशागत उत्तरदायित्व विमा पेश नगरेकोले आगामी दिनमा यस कार्यमा सुधार गर्नु पर्दछ।
- सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले सो गरेको देखिएन। परामर्श सेवाको खरिद गर्नको लागि खरिद योजना तयारी प्रतिष्पर्धी तवरले आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि मात्र परामर्श सेवा खरिद गनुपर्दछ।

४१ **पदाधिकारी सुविधाः**

कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ अनुसार यस आर्थिक वर्षमा पदाधिकारीहरुलाई यातायात सुविधा रु.११,४०,०००.००, टेलिफोन तथा मोवाइल रु.६,००,०००.००, पत्रपत्रिका तथा इन्टरनेट रु.४५,६०,०००.००, अतिथि सत्कार रु.१०,२६,०००.००, खाजा खर्च रु.८,५८,०००.००, अनुगमन खर्च रु. ७,२०,०००.००, खानेपानी तथा बिजुली रु. ३,०६,०००.००, सरसफाई तथा मर्मत खर्च रु.२,१६,०००.०० गरी कूल रु ५३,२२,०००.०० भुक्तानी गरेको देखिन्छ । सोही ऐनको अनुसूची १(क) मा गाउँपालिकामा मासिक अनुगमन भत्ता भुक्तानी लिदा मासिक रुपमा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले अनुगमन प्रतिवेदन नराखी खर्च लेखेकोले अनुगमन प्रतिवेदन पेश गर्नु पर्दछ।

४२ **पदाधिकारी पोशाकः**

कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) अनुसार पदाधिकारी सुविधा प्रदान गर्नुपर्ने उल्लेख छ। जस अनुसार पदाधिकारीहरुलाई पोशाक भत्ता उपलब्ध गराउने व्यवस्था देखिदैन। पालिकाले निम्न पदाधिकारीहरुको लागि पोशाक भत्तामा रु. २,१२,४४०.०० खर्च लेखेको छ। यसरी ऐनमा नभएको सुविधा वापत उपलब्ध गराएको रकम असुल गर्नुपर्ने रु.

| सि नं. | नाम | पद | पोशाक वापतको रु |
|---|---|---|---|
| १ | दिल कुमार फाहिम | अध्यक्ष | १६६११ |
| २ | बलीराज ईङनाम | उपाध्यक्ष | १६६११ |
| ३ | प्रेम राज लिम्बु | वडा अध्यक्ष | १६६११ |
| ४ | भिम बहादुर लिम्बु | वडा अध्यक्ष | १६६११ |
| ५ | बुद्धिमान गुरुङ | वडा अध्यक्ष | १६६११ |
| ६ | खगेन्द्र गुरुङ | वडा अध्यक्ष | १६६११ |
| ७ | विष्णु प्रसाद लावती | वडा अध्यक्ष | १६६११ |
| ८ | कृष्णा प्रसाद बाँस्कोटा | वडा अध्यक्ष | १६६११ |
| ९ | रोहित कन्दङवा | वडा अध्यक्ष | १७७४१ |
| १० | तारा विष्ट | कार्यपालिका सदस्य | ११३०० |
| ११ | ईन्दरा कालीकोटे | कार्यपालिका सदस्य | ११३०० |
| १२ | लिला बयल्कोटी | कार्यपालिका सदस्य | ११३०० |
| १३ | भमा दर्जी | कार्यपालिका सदस्य | ११३०० |
| १५ | चन्द्र बहादुर वि क | कार्यपालिका सदस्य | १६६११ |
| | जम्मा | | २१२४४० |

| | |
|---|---|
| अनियमित भएको | २,१२,४४० |

४३ **पदाधिकारी उपचार खर्चः**

कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) अनुसार पदाधिकारी सुविधा मासिक रुपमा भुक्तानी दिने उल्लेख छ। जसमा औषधि उपचार सुविधा वापत खर्च पाउने व्यवस्था देखिदैन। पालिकाले उपचार सम्बन्धि कार्यविधि बनाई गो भौ नं. १५२ मिति २०८०।११।०९ बाट वडा नं. ३ का वडा अध्यक्ष बुद्धिमान गुरुङ्गलाई रु २,००,०००.०० उपचार खर्च वापत भुक्तानी गरेको छ। यसरी पदाधिकारीले आफ्नो सुविधा सम्बन्धी कानून स्वंयले बनाउन नमिल्ने देखिएकोले उक्त रकम नियमसम्मत्त नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,००,००० |

४४ **पदाधिकारी अनुगमनः**

कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) अनुसार पदाधिकारीलाई अनुगमन खर्च वापत मासिक रुपमा भुक्तानी दिने उल्लेख छ। पालकाबाट निम्न पदाधिकारीहरुले कडा ८ को परीक्षा अनुगमन गरेको भत्ता बुझेकोले दोहोरो सुविधा वापतको रकम रु. ५९५०.०० असुल गर्नुपर्ने देखिएको रु.

| भौ नं मिति | नाम | संख्या | दर | कर बाहेक रु |
|---|---|---|---|---|
| ४५१।३।२० | दिल कुमार फाहिम | ५ | १००० | ४२५० |
| | भिम बहादुर लिम्बु | २ | १००० | १७०० |
| | जम्मा | | | ५९५० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५,९५० |

४५ **यातायात खर्चः**

कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) अनुसार पदाधिकारीलाई यातायात खर्च वापत मासिक रुपमा भुक्तानी दिने उल्लेख छ। पालिकाले सोही अनुसार मासिक रुपमा यातायात खर्च भुक्तानी गरीरहेको अवस्थामा गो. भौ. नं. मिति ३९।८।१७ बाट गाउँपालिका उपाध्यक्ष बलिराज ईङनामको लागि पुनः थप सवारी भाडामा लिई पालिकाबाट सवारी धनि दिपेश माझीलाई रु २८,०००.00 भुक्तानी भएको छ । यसरी दोहोरो यातायात भुक्तानी भएको रकम असुल हुनु पर्दछ रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २८,००० |

४६ **पदाधिकारी यातायातः**

कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची १(क) अनुसार पदाधिकारीलाई यातायात खर्च वापत मासिक रुपमा भुक्तानी दिने उल्लेख छ। सोही व्यवस्था अनुसार पालिकाले निर्वाचित प्रतिनिधिहरुलाई मासिक रुपमा यातायात खर्च वर्ष भरी रु ११,४०,०००.०० भुक्तानी गरेकोमा कतिपय वडा अध्यक्ष तथा जन प्रतिनिधिहरुले पालिकाको नाममा रहेको सरकारी प्लेटको सवारी(मोटर साईकल) प्रयोग गरेको गुनासो प्राप्त भएको र लेखापरीक्षणको क्रममा सवारी साधनको विवरण तथा सहाक जिन्सी खाता माग गर्दा प्राप्त नभएकोले कुन सवारी कसको प्रयोगमा छ सोको याथार्थ अवस्था यकिन गर्न सकिएन। यसरी दोहोरो सवारी साधन सुविधा उपलब्ध गराउने जिम्मेवार व्यक्ति र जिन्सी प्रमुखलाई जिम्मेवार बनाई पालिकाबाट सो सम्बन्धमा सत्यतथ्य यकिन गरी दोहोरो परेको यातायात वापतको रकम असुल गर्नु पर्दछ।

४७ **खेलकुद प्रशिक्षकः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाले स्वीकृत दरबन्दिमा नपरेका २ जना खेलकुद प्रशिक्षक नियूक्ति गरी यस वर्ष रु ३,६२,५००.०० भुक्तानी गरेको रकम नियम सम्मत्त देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६२,५०० |

४८ **राष्ट्रपति रनिङ्ग शिल्डः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न गो. भौ. नं. मिति ३१४-२०८०।२।२३ बाट राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिताको लागि त्रिमोहन माध्यमिक विद्यालयलाई रु ४,५०,०००.०० भुक्तानी दिएकोमा उक्त विद्यालयले खेलकुद कार्यक्रमको प्रस्तावना, कार्य सेडुल, कार्य सम्पन्न प्रतिवेदन पेश गरी भुक्तानी लिनुपर्नेमा सो नगरी खर्चको विल भरपाई पेश गरी भुक्तानी लिएको देखियो। साथै खर्चको विल भरपाई तेरिज अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई पेश गर्नुपर्नेमा सो गरेको देखिएन। यसरी सरकारी रकम खर्च गर्दा मितव्ययी नहुने साथै विधिको पालना नहुने देखिन्छ। पालिकाले प्रचलित ऐन नियमको पालना गर्ने तर्फ ध्यान दिनु पर्दछ।

४९ **निश्चित संस्थाको लागि बजेट व्यवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्ने व्यवस्था छ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यो वर्ष निम्न गो.भौ. नं. र मितिबाट निम्न संस्थालाई रु. उपलब्ध गराएको छ। नाफामुलक संस्थालाई अनुदान दिने कार्यमा नियन्त्रण हुनुपर्दछ।

| भौ नं मिति | प्रयोजन | पाउने संस्था | रकम |
|---|---|---|---|
| ४०५।३।१४ | डेक्सटप प्रिन्टर खरिद | परिश्रमी महिला कृषि सहकारी संस्था लि | ९७१३० |
| ४३४।३।२१ | कार्यालय व्यवस्थापन | लुङभिता कृषि सहकारी संस्था कार्यदल वेयवस्थापन | २९९४५ |
| ५३४।३।२४ | राहत सामाग्री दुवानीतथा व्यवस्थापन | थोफ्लुङ रेडक्रस | ५०००० |
| ६४।१।१३ | शौचालय निर्माण | लाम्चेवर रेडक्रस उपशाखा | २६२४४० |
| ५९।१।१३ | भवन मर्मत | आठराई बहुउदेश्य सहकारी सिस्था लि | १८८३३० |
| | जम्मा | | ६२६८४५ |

५० **शीर्षक फरक पारी खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सिमा भित्र रही खर्च गर्नु पर्दछ। सोही नियमको उप नियम २ मा कार्यालयले चालु आर्थिक वर्ष विनियोजित बजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सृजना गर्नु हुदैन भनि उल्लेख छ। पालिकाले निम्न शीर्षकमा विनियोजन भएको रकम सो भन्दा फरक शीर्षकमा खर्च गरी भुक्तानी दिएको छ। यसरी शीर्षक फरक पारी गरेको खर्च रकम नियम सम्मत्त नदेखिएको रु.

| भौ नं मिति | विनियोजन शीर्षक | खर्च शीर्षक | रकम |
|---|---|---|---|
| ९४।१०।८ | विविधि खर्च(२२७११) | नगर प्रहरी तालिमको पारीश्रमिक | १६३९०० |
| १५८।११।९ | २२४११ परामर्श खर्च | करार सेवा शुल्क | ८१९०० |
| | जम्मा | | २४८८०० |

| | |
|---|---|
| अनियमित भएको | २,४८,८०० |

५१ **सीसी टिभी जडानः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको विल भुक्तानी गर्दा प्राविधिकले तयार गरेको नापी कितावको आधारमा तयार गरेको कार्यस्वीकार प्रतिवेदनको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले गो. भौ. नं. मिति ४६८-२०८०।३।२१ बाट १४ सेट सीसी टिभी खरिद गरी आठराई भेराईटिज स्टोरलाई रु ४,९८,२४९.०० भुक्तानी दिएकोमा उक्त क्यामेरा के कति कहाँ जडान भएको हो सोको नापी किताब, प्राविधिक मूल्याङ्कन र कार्यको सम्पन्न भए नभएको अनुगमन प्रतिवेदन पेश गरेको छैन । स्वीकृत, स्पेसिफिकेशन अनुसारको प्रविधिक नाप जाँच गरी कार्य सम्पन्न प्रतिवेदन बेगर रकम भुक्तानी गरेको हुदा उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९८,२४९ |

५२ **ईन्टरनेट विस्तारः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न गो. भौ. नं. मितिबाट निम्न स्थानमा ईन्टरनेट विस्तार गरी रु. ९,८१,७९४.०० भुक्तानी दिएको छ। पलिकाको निम्न स्थानमा अप्टिकल फाईबर विछ्याउन तथा ईन्टरनेटको पहुच पुर्याउने काम ईन्टरनेट सेवा प्रदायक कै भएकोले पालिकाले खर्च गर्नु औचित्यपूर्ण नरहेकोले उक्त खर्च नियम सम्मत्त देखिएन रु.

| भौ नं मिति | विवरण | ईन्टरनेट सेवा प्रदायक | रकम |
|---|---|---|---|
| ४८०।३।२२ | वडा नं ६ मा ईन्टरनेट विस्तार | एयर लिङ्क एण्ड कम्यूनिकेसन | ८२७९४ |
| ४४३।३।१९ | वडा नं ६ मा ईन्टरनेट विस्तार | एयर लिङ्क एण्ड कम्यूनिकेसन | १५०००० |
| १९७।१९८।३।१९ | वडा नं १ मा ईन्टरनेट विस्तार | एयर लिङ्क एण्ड कम्यूनिकेसन | ७५०००० |
| | जम्मा | | ९८२७९४ |

| | |
|---|---|
| अनियमित भएको | ९,८२,७९४ |

५३ **कार्यक्रम संचालन विधिः**

सार्वजनिक खरिद नियमावली, २०६४नियम ९९(१) ऐनको दफा ४६ बमोजिम गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधि सहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्नेछ । त्यस्तै उपदफा (२) सार्वजनिक निकायले दश लाख रुपैयाँसम्मको काम गराउनको लागि त्यस्तो काम गर्ने उद्देश्य राखी प्रचलित कानून बमोजिम दर्ता भएको र नियम १८ बमोजिमको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई दिई राष्ट्रियस्तर वा स्थानीयस्तरको दैनिक समाचारपत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने उल्लेख छ। पालिकाले स्पष्ट उद्देश्य प्रचलित कानून बमोजिम दर्ता भएको मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई दिई सूचना प्रकाशन नगरी सिधै विभिन्न समुदायिक समूह, लक्षित वर्ग तथा गैर सरकारी संस्था संग काम गराएको छ। यसरी कार्य गराउदा खरिद ऐन नियमको पालना भएको नदेखिएकोले पालिकाले प्रचलित ऐन नियमको पालना गर्नुपर्दछ। यसका केही उदाहरणहरुः

| गौ न मिति | कार्यक्रम | सस्थाको नाम | रकम |
|---|---|---|---|
| ४०।८। २१ | उद्घोषण तालिम संचालन | सृजनशील ग्रामिण महिला समूह | १००००० |
| ९२।१०। ०८ | महिला हिंसा विरुद्ध जनचेतना | महिला हत्या हिंसा विरुद्ध जनचेतनामूलक कार्यक्रम | १००००० |
| ९३।१०। ८ | महिला विशेष कार्यक्रम व्यवस्थापन | महिला विशेष कार्यक्रम व्यवस्थापनका यमुना भण्डारी | ५०००० |
| १६४। ११।१० | यूवा शसक्तिकरण कार्यक्रम | यूवा शसक्तिकरण रकम उ स | १००००० |
| १९६।१। १२ | महिला लक्षित कार्यक्रम | महिला लक्षित कार्यक्रम वडा नं ५ | १००००० |
| १९७।१। १३ | पाथिभरा यूवा शसक्तिकरण | पाथिभरा यूवा शसक्तिकरण उपभोक्ता समिति | ७१७३५ |
| २२२।१। २१ | कपडा तथा ब्याग वितरण | अल्पसंख्यक लक्षित कार्यक्रम समिति वडा नं ५ | १००००० |
| २३९।२। १ | ११ र १२ पढने दलित विद्यार्थीहरुलाई प्रोत्साहन कार्यक्रम | दलित सचेतना तथा गा पा भित्र उच्च तहमा अध्ययनरत विद्यार्थी प्रोत्साहन कार्यक्रम समिति २०८१ | ४००००० |
| ५३।२।४ | महिला कार्यक्रम संचालन | सुरक्षित मातृत्व आमा समुह | ५०००० |
| २९९।२। २१ | महिला लक्षित कार्यक्रम | महिला लक्षित कार्यक्रम संचालन समिति | १००००० |
| ३२१।२। ३१ | दलित लक्षित कार्यक्रम बाजा खरिद | दलित लक्षित कार्यक्रम उ स | ९८३१० |
| ५०३।३। २४ | दलित लक्षित कार्यक्रम | दलित लक्षित कार्यक्रम उ स | ४९८२० |
| ३३५।३। ४ | महिला संजाल सचेतना | श्री नवज्योती महिला संजाल | ५०००० |
| ३९४।३। १३ | महिला लक्षित कार्यक्रम | महिला लक्षित कार्यक्रम संचालन समिति | १००००० |
| ४६६।३। २१ | महिलाहरुको सीपमूलक आय आर्जन क्षमता अभिबृद्धि कार्यक्रम | सृजनशील ग्रामिण महिला समुह | १३४४५० |

५४ **रातो बङ्गला स्कुल साझेदारी कार्यक्रमः**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा कार्यालयले तोकिए बमोजिमको अवस्था र खरिद मूल्य बमोजिम खरिद विधि अवलम्बन गर्नुपर्ने उल्लेख छ । सोही ऐनको दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सवलीकरण, मूलप्रवाहीकरण जस्ता कार्यछिटो छरितो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक निकायले गैर सरकारी संस्थाबाट तोकिए बमोजिमको प्रकृया अपनाइ सेवा प्राप्त गर्न सक्ने उल्लेख छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ (१) मा ऐनको दफा ४६ बमोजिम गैर सरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि कामको गुणस्तर जनशक्ती, कार्य संचालन विधि सहितको क्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नुपर्ने उल्लेख छ । सोही नियमको उपनियम ८ मागैरसरकारी संस्थाबाट

दश लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको काम गराउनको लागि नियम ७० बमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गर्नुपर्ने समेत उल्लेख छ ।पालिकाले रातो बङ्गला स्कुल निजी क्षेत्र बीचको सहकार्यमा प्रारम्भिक बाल विकास बौद्धिक क्षमता विकासकालागि सझेदारी गर्दा ऐनमा व्यवस्था भएबमोजिम खुला रुपमा आशयपत्र माग गरी परामर्श सेवा खरिदको प्रक्रिया अवलम्बन गरेको देखिएन ।

पालिकाले सालबसाली वा बहुवर्षिय रुपमा कार्यक्रम संचालन गर्न सक्ने भएता पनि बजेटको सीमा, सो बजेट खर्च गर्दा अपनाउनु पर्ने खरिद सम्बन्धी कार्यविधि उल्लेख गरेको देखिएन। जसबाट लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यक्ति र खरिद सम्झौता कार्यान्वियन गर्दा खरिद कानुनमा भएका कुनै पनि व्यवस्थाहरुको पालना नगरी बहुबर्षीय सम्झौता गरी खर्च लेख्नु प्रचलित आर्थिक कार्यविधि ऐन, २०७६, नियमावली २०७७ र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली ६४ सँग मेल खाएको देखिएन ।पालिकामाप्रारम्भिक बाल विकासका लागि संघीय सरकारले लगानी गरीरहेको अवस्थामा समेत सोही कार्यको लागि निजी क्षेत्रसंग सम्झौता गरी थप खर्च गरेको मितव्ययी र औचित्यपूर्ण मान्न सकिंदैन।साथै रातो बङ्गला स्कुल र पालिकाको लागत साझेदारी के कती रहने भन्ने विषयमा स्पष्ट भएको देखिदैन। यस वर्ष पालिकाले निम्न गो. भौ. नं. मितिबाट रु १४,४७,०२४.०० खर्च गरेको तथा रातो बङ्गला स्कुलको लागत साझेदारीको अंश के कती हो सो समेत अभिलेख नरहेकोले पालिकाले गरेको खर्चको पुष्ट्याइँ र लागत साझेदारीको विवरण पेश हुनुपर्दछ ।

| भौ नं मिति | विवरण | पालिकाले गरेको खर्च रु |
|---|---|---|
| १७२ र १७१।११।२० | बाल विकासका सामाग्रीहरु खरिद | ५९७७२४ |
| ३१५।२।२४ | बाल विकास सहजकर्ताको ६ दिने तालिम | ४९६००० |
| ४५४।३।२० | तालिम खर्च | ३५३३०० |
| | जम्मा | १४,४७,०२४.०० |

| अनियमित भएको | १४,४७,०२४ |
|---|---|

५५ **परीक्षा संचालनः**

कक्षा ५ को परीक्षा संचालनको जिम्मा विद्यालय स्वयमले गर्ने व्यवस्था छ । तर पालिकाले कक्षा ५ को परीक्षा संचालन गरी निम्न शीर्षकमा खर्च लेखेको रकम नियम सम्मत्त देखिएन रु.

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| ४५१।३।२० | कक्षा ५ को प्रश्न पत्र निर्माण | ४८०० |
| | कक्षा ५ को प्रश्न पत्र तथा उत्तर पुस्तिका छपाई | ७३२८० |
| | निरिक्षक तथा कर्मचारी खर्च | ५३७९५ |
| | जम्मा | १,३१,८७५ |

| अनियमित भएको | १,३१,८७५ |
|---|---|

५६ **व्यक्तिको नाममा भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ई एफ टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारीको तथा वडा सचिवको नाममा भुक्तानी गरेको हुदा उक्त रकमको सहि सदुपयोग भए नभएको यकिन हुन नसकेको हुदा यस कार्यमा सुधार गर्नुपर्दछ र बैंकिङ्ग प्रणालीबाट सम्बन्धित फर्मलाई भुक्तानी गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ पालना गर्नुपर्दछ ।यसका केही उदाहरणहरुः

| गो. भौ. नं. मिति | विवरण | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| १६।६।२५ | विद्युत विल | खेमराज प्रसाई | ५०००० |
| ८७।१०।५ | समवेदना सहित कृया खर्च | दिल बहादुर कन्दङ्वा | ५००००० |
| १५९।११।१० | ईन्धन, मर्मत , विविधि संचार | जीत बहादुर कन्दङ्वा | ३६२५१० |
| १६०।११।१० | ईन्धन, मर्मत , विविधि संचार | रामचन्द्र खत्री | ३२२४१० |
| २९५।२।१८ | ईन्धन, मर्मत , विविधि संचार | सन्तोष कन्दङ्वा | ३४०८९२ |
| ३२३।२।३२ | ईन्धन, मर्मत , विविधि संचार | राजेन्द्र परियार | ११९०६० |
| ३४०।३।४ | ईन्धन | राजेन्द्र परियार | ७७९११ |
| ४२७।३।१८ | ईन्धन, मर्मत , विविधि संचार | जीत बहादुर | २५३६५० |
| ४३३।३।१९ | स्वास्थ्यकर्मिहरुको यातायात खर्च | शत्रुदन शाह | ९८००० |
| ४७९।३।२२ | ईन्धन, मर्मत , विविधि संचार | सुन्दर प्रसाद कन्दङ्वा | १३४३०६ |
| ५२६।३।२४ | ईन्धन, मर्मत , विविधि संचार | डम्बर अधिकारी | २३०५३१ |

## ५७ मेला महोत्सव तथा खेलकुद खर्चः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न मेला समिति मार्फत वा सोझै व्यक्ति तथा संस्थालाई अनुदान दिने कार्य भएको देखिएकोले स्रोत साधनको समुचित उपयोग नभएको देखिन्छ। आन्तरिक श्रोत साधनलाई समेत ध्यान दिई समुचित उपयोग गर्दै खर्चमा मितव्ययीता अपनाउनु पर्दछ। केही उदाहरणहरू

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३३।८।१० | चुहानडाँडा खेलकुद | चुहानडाँडा खेलकुद कार्यक्रम उपभोक्ता समिति | ३००००० |
| १९४।१।९ | जंग राय पापो सामाज खेलकुद | श्री जंग राय पापो सामाज खेलकुद कार्यक्रम | ४००००० |
| २११।१।१४ | जोरधारा फलाटे खेलकुद | जोरधारा फलाटे खेलकुद समूह वडा नं. ६ | १५०००० |
| २१६।१।२० | माघे मेला संचालन होडा खेलकुद | माघे मेला संचालन होडा खेलकुद समिति | ७५००० |
| २२१।१।२१ | रामनवमी मेला संचालन ओखरबोटे | रामनवमी मेला संचालन ओखरबोटे खेलकुद संचालन समिति | ७५००० |
| २३१।१।२४ | आठराई गा पा अध्यक्ष रनिङ्ग खेलकुद कार्यक्रम | आठराई गा पा अध्यक्ष रनिङ्ग खेलकुद कार्यक्रम समिति | २०००००० |
| २३६।१।३१ | सोनाम ल्होसार मेला संचालन | सोनाम ल्होसार मेला संचालन टुडिखेल खेलकुद समिति | ७५००० |
| ३१७।२।२४ | वडा नं १ मा खेलकुद कार्यक्रम संचालन | वडा नं १ मा खेलकुद कार्यक्रम संचालन समिति | ८०००० |
| ४७२।३।२१ | मदन मेला खेलकुद कार्यक्रम संचालन | मदन मेला खेलकुद कार्यक्रम संचालन समिति | ९००००० |
| १६८।११।२० | दिपावली मेला खेलकुद संचालन कार्यक्रम | दिपावली मेला खेलकुद संचालन कार्यक्रम समिति | ८००००० |

## ५८ वितरणमूखि खर्चः

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्यांकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरीनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| १६१।१०।११ | त्रिपाल वितरण | ५०००० |
| २३८।२।१ | शितल छहारी बाल तथा यूवा क्लबलाई खेलकुद सामाग्री अनुदान | ९९९५० |
| २६२।२।११ | अति विपन्न विद्यार्थीहरुलाई व्याग वितरण वडा नं १ | ५०००० |
| २६३।२।११ | महिला स्वयम सेविकालाई लङकोट वितरण वडा नं १ | ४०००० |
| २६५।२।११ | वडा नं १ मा खेलकुद सामाग्री वितरण | ५०००० |
| २६६।२।११ | तामाङ जातजातीका बाजा तथा ड्रेस वितरण वडा नं १ | ५०००० |
| २८२।२।१४ | जेष्ठ नागरीकलाई न्यानो कपडा वितरण सहित सम्मान कार्यक्रम वडा नं ५ मा | ९८९८० |
| २८३।२।१४ | आपाङ्गहरुलाई सिरक र हाईनेक वितरण वडा नं ५ मा | १००००० |
| २८५।२।१६ | दलितहरुलाई शैक्षिक सामाग्रीहरु वितरण वडा नं ५ मा | ५०००० |
| ३२०।२।२५ | सबै वडामा खेलकुद सामाग्री वितरण | ४९८९४० |
| ३३४।३।३ | त्रिपाल खरिद तथा वितरण रतन ईन्टरप्राईजेज १०९ पीस दर २७५० वितरण | २९९७५० |
| ४२८।३।१८ | वडा नं. ४ मा विपन्न विद्यार्थीलाई व्याग वितरण | ५०००० |

५९ **स्वास्थ्य विमा प्रिमियमः**

पालिकाले दिर्घ रोगि तथा विपन्न नागरीक निशुल्क विमा कार्यक्रम निर्देशिका, २०८० तर्जुमा गरेको छ। जस अनुसार पहिलो वर्ष १०० प्रतिशत, दोश्रो वर्ष देखि ५० प्रतिशतका दरले विमा प्रिमियममा अनुदान दिने उल्लेख छ। पालिकाले यस वर्ष सोही बमोजिम १४२ जनालाई ३,५००.०० का दरले रु ४,९७,७००.०० अनुदान दिएको छ। पालिकाले यसरी दिर्घकालिन भार पर्ने गरी निर्देशिका बनाएकोले यसमा पुनर्विचार गर्नुपर्ने देखिन्छ।

६० **कोलिङ आवि ईन्टरनेट विस्तारः**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानो ठीमी भक्तपुरबाट प्रकाशित कार्यक्रम पुस्तिका अनुसार प्रति विद्यालय रु १२,०००.०० का दरले ईन्टरनेट शुल्क भुक्तानी दिनु पर्ने उल्लेख छ। सोही अनुसार कोलिङ्ग आ वि लाई रु १२,०००.०० भुक्तानी भएको अवस्थामा पनि पुन: ईन्टरनेट विस्तारकोलागि पालिकाले गो. भौ. नं. मिति ९७-२०८०।१०।९ बाट रु ५०,०००.०० समेत भुक्तानी भएको छ। यसरी दोहोरो भुक्तानी भएको सम्वन्धमा कार्यालयले यकिन गरी पुष्ट्याईं पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५०,००० |

६१ **बाल मैत्री विद्यालय संचालनः**

कोशी प्रदेश सामाजिक विकास मन्त्रालयको विज्ञापन नं ३।०८०।८१ मा बाल मैत्री विद्यालय विकास गर्न सम्बन्धित स्थानीय तहबाट न्यूनतम १५ प्रतिशत लागत साझेदारी गर्नुपर्ने उल्लेख छ। पालिकाले बाल मैत्री विद्यालय विकासको लागि शिवधर आधारभूत विद्यालयलाई रु ७,९८,८६५.०० भुक्तानी दिई उक्त विद्यालयले बालमैत्री कक्षा व्यवस्थापन सामाग्री खरिद कार्य सम्पन्न गरेकोमा

पालिकाले आफ्नो अंश १५ प्रतिशत ले हुने रु ११९८२९ लागत साझेदारी गरेको देखिएन। लागत साझेदारी वापतको रकम प्रदेश संचित कोषमा फिर्ता गर्नुपर्दछ रु

| प्रमाण पेश नगरेको | १,१९,८२९ |
|---|---|

६२ **श्रमदान परिचालनको लागि चिया खर्चः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको विल भुक्तानी गर्दा प्राविधिकले तयार गरेको नापी कितावको आधारमा तयार गरेको कार्यस्वीकार प्रतिवेदनको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । आठराई गाउँपालिका वडा नं १ ले श्रम परिचालनको लागि चिया तथा व्यवस्थापन खर्च भनि १,००,०००.०० भुक्तानी खर्च लेखेकोमा कुन कुन योजनामा कती जनाले श्रमदान गरेको हो सोको अभिलेख, प्रविधिक नाप जाँच सहितको मूल्याङ्कन पेश गरेको देखिएन । पालिकाले उपरोक्ता अनुसारको प्रमाण पेश गर्नुपर्ने रु

| प्रमाण पेश नगरेको | १,००,००० |
|---|---|

६३ **वितरण भरपाई :**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ। पालिकाले तपसिलका सामाग्रीहरु खरिद गरी भुक्तानी गरेकोमा सोको वितरण भर्पाई पेश नभएकोले वितरण भर्पाई पेश हुनुपर्ने रु.

| भौ नं मिति | खरिद विवरण | वितरण भरपाई पेश गर्नुपर्ने | रकम |
|---|---|---|---|
| ३२०।२।२५ | जर्सी ८४ थान सबै वितरण | फुटवल ४६ दर ३५०० | २६२२०० |
| | फुटवल ६० थान १४ थान मात्र वितरण | भलिवल ४६ दर २२०० | |
| | भलिवल ६० थान १४ थान मात्र वितरण | | |
| १६१।१०।११ | त्रिपाल वितरण | भरपाई नभएको | ५०००० |
| २६५।२।११ | वडा नं १ मा खेलकुद सामाग्री वितरण | | ५०००० |
| ३३४।३।३ | त्रिपाल खरिद | त्रिपाल १०९ पीस दर रु. २,७५०.00 | २९९७५० |
| | तथा वितरण रतन ईन्टरप्राईजेज | | |
| ३६६।३।९ | भिते पात्रो छपाई १०, ००० . 00 पीस दीप किरण प्रिन्टिङ्ग एण्ड ट्रेडर्स | १०,०००.00 पीस भिते पात्रो | ३५०००० |
| | जम्मा | | १०११९५० |

| प्रमाण पेश नगरेको | १०,११,९५० |
|---|---|

६४ **चुहानडाँडा एम्बुलेन्स मर्मतः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं. मिति १४६-२०८०।११।६ बाट आफ्नो स्वामित्वमा नरहेको चुहानडाँडा एम्बुलेन्स संचालन व्यवस्थापन समितिको स्वामित्वमा रहेको एम्बुलेन्स मर्मत गरी रु १,५०,०००.०० भुक्तानी गरेको छ। यसरी आफ्नो स्वामित्वमा नरहेको एम्बुलेन्स मर्मत गरी भुक्तानी दिएको रकम नियम सम्मत्त देखिएन रु.

| अनियमित भएको | १,५०,००० |
|---|---|

६५ **अन्य कार्यालयको खर्चः**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत वजेट खर्च गर्दा नियमितता, प्रभावकारीता कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी ऐनको दफा ११ मा स्थानीय तहको कार्यक्षेत्रको सम्बन्धमा समेत उल्लेख गरेको छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले यस वर्ष आफ्नो कार्यक्षेत्र भन्दा वाहिरको कार्यालयको लागि वजेटमा व्यवस्था गरी गरीएको निम्नानुसार खर्च मितव्ययी र वजेट प्रभावकारी भएको देखिएन। पालिकाको मातहत बाहेकको कार्यालयको सञ्चालन गर्न सोही कार्यालयको तालुक कार्यालयवाट वजेट व्यवस्थापन हुने र पालिकामा यस प्रकारको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस प्रकार खर्चमा नियन्त्रण गर्नुपर्दछ।

| भौ नं. मिति | शीर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ५२।९।३ | मौलो पुजा खर्च | शसस्त्र प्रहरी बल नेपाल सुरक्षा वेस संक्रान्ती | ३०००० |
| ८८।१०।५ | मौलो पुजा खर्च तथा काली रात्री पुजा | ईलाका प्रहरी कार्यालय आठराई | ३०००० |
| ८९।१०।५ | कम्प्यूटर प्रिन्टर ल्यापटप डिजिटल क्यामरा | ईलाका प्रहरी कार्यालय आठराई | १९९५०० |
| ८०।२।१ | कम्प्यूटर खरिद(पुँजिगत) | छातेढुङ्गा प्रहरी चौकी | ५०००० |
| १३९।१०।२९ | कार्यालय व्यवस्थापन कार्पेट सिसिटिभी जडान फर्निचर | मालपोत कार्यालय संक्रान्ती बजार | २००००० |
| १६१।११।१० | कार्यालय व्यवस्थापन | प्रही चौकी कार्यालउ व्यवस्थापन | २९९९९ |
| २३७।२।१ | अफिस अटोमेशन | प्रहरी चौकी छातेढुङ्गा | २४९१५ |
| २७९।२।१४ | टेलिभिजन, ल्यापटप र प्रिन्टर | ईलाका प्रहरी कार्यालय संक्रान्ती बजार | १३०५१५ |
| ३२५।२।३२ | ईन्भटर तथा बैट्रि खरिद | सशस्त्र प्रहरी बल वेस क्याम्प संक्रान्ती बजार | ५९००० |
| ३४४।३।५ | ढलान तथा बाईरिङ्ग | सशस्त्र प्रहरी बल वेस क्याम्प संक्रान्ती बजार | ९१४८९ |
| ३२७।२।३२ | ईन्धन | जिल्ला प्रहरी कार्यालय | ५०००० |
| ३२८।२।३२ | कार्यालय सामाग्री | जिल्ला प्रशासन कार्यालय तेह्रथुम | ५०००० |
| ४२५।३।१८ | कम्प्यूटर खरिद | जिल्ला आदालत | ५०००० |
| ६६।१।२० | घेरावार | ईलाका प्रहरी कार्यालय संक्रान्ती बजार | २५७०२५ |
| | जम्मा | | १२५२४४३ |

## ६६ साहित्य तथा आठराई कोसेली छपाईः

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ (१) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। सोही दफाको उपदफा ३ मा गाउँपालिकाले उपदफा (१) बमोजिमको योजना बनाउँदा आर्थिक विकास तथा गरीबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने किसिमका योजना बनाउनु पर्नेछ भन्ने व्यवस्था गरेको छ । नमुना छनौटको रुपमा परीक्षण गर्दा पालिकाले ऐनमा भएको व्यवस्था विपरित प्रस्तावना माग, लागत साझेदारिता, समुदायलाई पुग्ने लाभ लगायतको पहिचान वेगर विभिन्न पुस्तक तयारी तथा छपाई गरी निम्न संघहरुलाई रु ५,८२,३००.०० भुक्तानी दिएको छ। पालिकाले आवश्यकता र औचित्यका आधारमा विधि सम्मत्त सरकारी रकम खर्च गर्नुपर्दछ।

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| ३७८।३।१० | प्र. ले. स. प्रकाशन (प्रगतिशिल लेखक संघ) | २००००० |
| ४६१।३।२१ | आठराई कोसेली प्रकाशन ५०० पीस (आठराई गापा स्तरिय सुदृढीकरण समिति) | १८२३०० |
| ४६३।३।३१ | प्रणयम प्रकाशन ३०० पीस त्रिभुवन विश्व विद्यालय प्रधानाध्यापक संघ तेह्रथुम बहुमूखी क्याम्पस, चुहानडाँडा | २००००० |
| जम्मा | | ५८२३०० |

६७ **एकल पुरुष भत्ताः**

पालिकाले एकल पुरुष भत्ता वितरण सम्बन्धि कार्यविधि, २०८० तर्जुमा गरेको छ। जस अनुसार ६० बर्ष उमेर पुरा गरेको पत्निको मृत्यु भएको वा ६० वर्ष उमेर पुरा भएको अविवाहित एकल पुरुषलाई मासिक रु १,०००.०० का दरले जीवन निर्वाह भत्ता वितरण गर्नुपर्ने उल्लेख छ। पालिकाले सोही अनुसार यस वर्ष ५९ जना एकल पुरुषलाई ६ महिनाको रु ३,२५,०००.०० भत्ता वितरण गरेको छ।

६८ **कृषि तथा पशु तर्फः**

पालिकाले आ.व २०८०।८१ मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम अनुदान वितरण कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन्।

| भौ नं मिति | अनुदानको विवरण | रकम |
|---|---|---|
| ९१।१०।८ | अदुवाको विउ वितरण वडा नं ६ मा | ९९३०० |
| २६१।२।११ | तरकारीको मिनि किट खरिद तथा वितरण वडा नं १ | ९९८०० |
| २७७।२।१४ | तरकारीको विउ तथा विषादी खरिद तथा वितरण सबै वडा मा | ६५०००० |
| २७८।२।१४ | १०२७ जनालाई तरकारीको विउ वितरण खडका कृषि भण्डार | ४९९२५० |
| ३००।२।२२ | सिताके च्याउ खेती कार्यक्रम प्रगतिशिल पशुपंक्षि तथा कृषि फर्म ५० % अनुदान | १००००० |
| ४८७।२।२३ | सिताके च्याउ खेती कार्यक्रम ओडारे नागी बहुउद्देश्थीय कृषक समुह ५० % अनुदान | १७६६३३ |
| २०३।२।२२ | कृषकहरुलाई भेटेरिनेरी औषधि वितरण | २३४७४५ |
| ३०५।२।२२ | सिताके च्याउ खेती कार्यक्रम देवी प्रसाद सापकोटा ५० % अनुदान | ४६१२० |
| ३०६।२।२२ | सिताके च्याउ खेती कार्यक्रम देवी नरेन्द्र प्रसाद ओली ५० % अनुदान | ४६३५५ |
| ३१६।२।२४ | सिताके च्याउ खेती कार्यक्रम युवराज ढुंगेल ५० % अनुदान | ४६४७५ |
| ३८३।३।१० | माछाको भुरा खरिद तथा वितरण हलेसी माछा फर्म | ९९९५० |
| ४०२।३।१३ | बेसारको विउ वितरण ५० प्रतिशत अनुदान | ११८७५० |
| ४७१।३।२१ | मौरीको घार वडा नं २ र ४ मा वितरण ७५ प्रतिशत अनुदान | १९८९०० |
| ५३०।३।२४ | वडा नं २ मा धानबाली विषादी खरिद तथा वितरण | १००००० |

- **अनुदानको उपयोग**: सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी बनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय तह) परे नपरेको यकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन यकिन गर्न सक्ने गरी अनुगमन मूल्याङ्कन नभएकोले

अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामित्व हेरी मात्र वितरण गर्नुपर्दछ।

- आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएकोसम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।
- खरिद भएका विउविजनहरुको उमार शक्ति क्षमता टेष्ट गराएको पाईएन।
- कृषि सामाग्रीहरु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेकोदेखियो ।

अत: पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

६९ **मैरीको घार वितरणः**

पाँचथर जिल्लाको जिल्ला दररेट अनुसार मौरीको घारको (ब्रुडर र सुपर फ्रेम सहित) मूल्य प्रति घार रु ३,०००.०० रहेको छ। पालिकाले लक्ष्मी वि किपीङ्ग वर्कसपसंग ५२ वटा मौरीको घार प्रति मौरीको घार रु ५,०००.०० मा खरिद गरी ४८ जना कृषकलाई ७५ प्रतिशत अनुदानमा वितरण गरेको देखियो। पालिकाले जिल्ला दररेटको आधारमा मौरीको घर खरिदको लागत अनुमान नबनाई सिधै खरिद गर्दा प्रति घार रु २,०००.०० ले ५२ वटा घारको रु १,०४,०००.०० मा ७५ प्रतिशत अनुदान वापतको रकम रु ७८,०००.०० बढी व्ययभार परेको देखिन्छ । जिल्ला दररेटको पालना गर्नेतर्फ व्यवस्थापनले ध्यान दिएको देखिएन । कार्यालयलाई थप व्ययभार पारेको रकम रु. ७८०००.०० नियमित देखिंदैन ।

| | |
|---|---|
| अनियमित भएको | ७८,००० |

७० **लागत सहभागिताः**

आठराई गाउँपालिकाको कृषि अनुदान सम्बन्धी कार्यविधि, २०८० को दफा ५ अनुसूची-४ मा विउ विजनमा ७५ प्रतिशत अनुदान दिनु पर्ने उल्लेख छ। पालिकाले गो. भौ. नं. मिति ९१-२०८०।१०।८ बाट फक्चुवा आय आर्जन अदुवाको विउ वितरणकोलागि लुङ्गभिता कृषि सहकारी संस्था लि. लाई रु १,००,३२०.०० भुक्तानी दिएकोमा उक्त सहकारी संस्थाले २५ प्रतिशत लागत साझेदारी गरेको देखिएन। लागत साझेदारी वापत २५ प्रतिशतले हुने रु २५,०८०.०० असुल गर्नुपर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २५,०८० |

७१ **कृषि विउ विजन वितरणः**

आठराई गाउँपालिकाको कृषि अनुदान सम्बन्धी कार्यविधि, २०८० दफा ५ अनुसूची - ४ मा विउ विजनमा ७५ प्रतिशत अनुदान दिनु पर्ने उल्लेख छ।पालिकाले गो. भौ. नं. मिति २७८-२०८१।२।१४ बाट खड्का कृषि भण्डारकाट रु ४,९९,२५०.00 को तरकारीको विउ खरिद गरी १०२७ जनालाई तरकारीको विउ वितरण गरेकोमा कृषकसंग २५ प्रतिशत लागत साझेदारी लिएको देखिएन। यसरी पालिका आफैले तर्जुमा गरेको कार्यविधिको पालना नगर्दा पालिकालाई रु ४,९९,२५०.00 को २५ प्रतिशतले हुने रु १,२४,८१२.५ बढी व्यय भार परेको रु

| | |
|---|---|
| अनियमित भएको | १,२४,८१२ |

७२ **अनुगमनः**

प्रदेश सरकारको खर्चको मापदण्ड र मितव्ययीता सम्बन्धी निर्देशिका २०७९ को दफा ५(६) अनुगमन खटाउदा बढीमा ३ जनाको टोली खटाउनु पर्दछ। त्यसैगरी उपदफा ७ मा अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले योजना तथा कायक्रमको अनुगमन गर्दा उक्त निर्देशिकाको पालना गरेको देखिएन। पालिकाले निर्देशिककाको पालना गर्नेतर्फ विशेष ध्यान दिनु पर्दछ।

७३ **शिक्षा तर्फः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायमा उल्लेख छन्।

७३.१ **सामुदायीक विद्यालयको शैक्षिक गुणस्तर** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार सम्बन्धित स्थानीय निकायले सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर स्थितीको नियमित अनुगमन गरी एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ। गाउँपालिकाले आर्थिक वर्ष २०८०।८१ मा विद्यालयहरुको शैक्षिक गुणस्तरको अनुगमन गरेको प्रतिवेदन कार्यालयसँग रहेको देखिएन। गाउँपालिकाले आफ्नो अन्तरगतका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ।

७३.२ **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५९ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

| क्र.सं. | विद्यालयको तह | शिक्षक दरबन्दी | पदपूर्ति | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|
| १ | ५९ सामुदायिक विद्यालय | २८४ | २११ | ७३ | ५१३३ |

शिक्षक दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

७३.३ **निशुल्क पाठ्यपुस्तक अनुदानः** कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.४.६.१ अनुसार IEMIS मा प्रविष्ट तथ्याङ्कलाई स्थानीय तह अन्तरगतसंचालित सामुदायिक विद्यालयका कक्षा १-१२ सम्मका विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने, यकिन भएका विद्यार्थी संख्याका लागी स्वीकृत दररेटका आधारमा हिसाब गरी अनुदान उपलब्ध गराउने, यसरी उपलब्ध गराएको अनुदानबाट विद्यार्थीले शैक्षिक सत्रको सुरुवातमै पूरा सेटमा नयाँ पाठ्यपुस्तक पाए नपाएको अनुगमन गर्ने र पाठ्यपुस्तकको उपलव्धता र वितरणको प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाईमार्फत शिक्षा तथा मानव श्रोत विकास केन्द्रमा अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष पाठ्यपुस्तक खरिद तथा वितरण गर्न रु २४,५८,४१८।- विद्यालयहरुलाई निकासा दिएको छ। विद्यार्थीले पाठ्यपुस्तक पाए नपाएको अनुगमन गरेको पाइएन साथै पाठ्यपुस्तकको उपलब्धता र वितरणको प्रतिवेदन तयार गरेको पाइएन । कार्यक्रम कार्यान्वयन पुस्तिकाले व्यवस्था गरेअनुरुप प्रतिवेदन तयार गरीनुपर्दछ ।

७३.४ **सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षणः** कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ क्रियाकलाप नं २.७.१३.१०विद्यालय संचालन तथा व्यवस्थापन अनुदान अन्तर्गत सामाजिक लेखापरीक्षण र आर्थिक लेखा परीक्षण बापत माध्यमिक तहका विद्यालयलाई बार्षिक रु १५,०००।- र आधारभूत विद्यालयलाई बार्षिक रु १०,०००।- अनुदान दिने व्यवस्था छ । साथै विद्यालयले आर्थिक लेखा परीक्षण स्थानीय तहको अन्तिम लेखापरीक्षण हुनु अगावै गराउने र सो को प्रतिवेदन स्थानीय तहमा पठाउनुपर्ने उल्लेख छ । पालिकाले पालिका भित्रका ९ माध्यमिक र ५० आधारभूत विद्यालयलाई आर्थिक बर्ष २०८०।८१ मा रु ६,३५,०००।- अनुदान निकासा गरेको पाइयो । समयमा नै समाजिक परीक्षण र आर्थिक परीक्षण नगराउनु यसको कारण हो ।यसवाट पालिकाले यस आर्थिक वर्षमा निकासा गरेको अनुदानको विद्यालयले आम्दानी जनाएको विषयमा यकिन हुन सकिएन । सामुदायिक विद्यालयले पालिकाको अन्तिम लेखापरीक्षण हुनु भन्दा पहिले नै आर्थिक लेखापरीक्षण गरी स्थानीय तहमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,३५,००० |

७३.५ **शिक्षक विद्यार्थी अनुपात** पालिकाबाट प्राप्त विवरण अनुसार पालिकाभित्र ५९ सामुदायिक विद्यालय सञ्चालनमा रहेकामा २८४ जना शिक्षकको दरबन्दी रहेको छ। जसमध्ये २११ जना स्थायी र ७३ जना करारमा पदपूर्ति गरेको तथा उक्त विद्यालयहरूमा ५१३३ जना विद्यार्थी अध्ययनरत रहेको देखिन्छ । नेपाल सरकारबाट तयार गरीएको विद्यालय क्षेत्र सुधार योजनाले शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:३०, पहाडमा १:३५ र तराई तथा उपत्यकामा १:४० रहनुपर्ने उल्लेख गरेकोमा यस पालिकामा शिक्षक विद्यार्थी अनुपात १:१८ रहेको छ ।पालिकाले शिक्षक विद्यार्थीको अनुपात मिलान हुने गरी शिक्षकको दरबन्दी मिलान गरी अपुग शिक्षकको पदपूर्तिको लागि शिक्षक सेवा आयोगसँग माग गरी विद्यालयको शैक्षिक गुणस्तरमा सुधार गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७३.६ **विद्यालय प्रोत्साहन अनुदान** कार्यक्रम कार्यान्वियन पुस्तिका, २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१३ को विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान अन्तर्गत उत्कृष्ट कार्य गर्ने माध्यमिक विद्यालयलाई ३ लाख र आधारभूत विद्यालयलाई २ लाख निकासा दिन सक्ने उल्लेख छ साथै माध्यमिक तहको हकमा २०० र आधारभूतको हकमा १०० विद्यार्थी सङ्ख्या अनिवार्य हुनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष जलकन्या आधारभूत विद्यालयलाई गो.भौ.नं. मिति १५४-२०८१।०३।१० बाट २ लाख प्रोत्साहन अनुदान निकासा गरेकोमा उक्त विद्यालयमा विद्यार्थी सङ्ख्या ५४ मात्र रहेको देखिन्छ । तोकिएको विद्यार्थी संख्या नपुगेको अवस्थामा समेत दिएको रकम कार्यन्वयन पुस्तिकाको मापदण्ड विपरीत निकासा रकम नियमसम्मत नदेखिएको रु.

| अनियमित भएको | २,००,००० |
|---|---|

७३.७ **दिवा खाजाः** शिक्षा तथा मानव श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरबाट तयार भएको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/०८१ को क्रियाकलाप नं.२.७.११.१ अनुसार विद्यालयको प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरूका प्रति विद्यार्थी दैनिक रू १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था गरेको छ। पालिकाले विद्यार्थी संख्या सत्यापन गरी यस वर्ष ६२ विद्यालय तथा वालविकासका २५५० विद्यार्थीका लागि दिवा खाजा वापत रू. ६०,०१,११०।- भुक्तानी दिएको छ। विद्यालयले उपलब्ध गराएको तथा माग गरेको तथ्यांक अनुसार नै खाजा वितरण भए नभएको सम्बन्धमा अनुगमन हुनुपर्दछ।

७३.८ **अतिरिक्त समय भत्ताः** अर्थ मन्त्रालयको कार्यसंचालन निर्देशिका, २०७७ को ७.१.४ मा नियमित काम बाहेक बिशेष कामका लागि दैनिक दुई घन्टा भन्दा बढी अतिरिक्त समय काम गरेबापत दैनिक रु ३०० का दरले साथै सार्वजनिक विदाको दिन प्रति दिन रु ६०० का दरले दिने उल्लेख छ । पालिकाले सामुदायिक विद्यालयहरुको शैक्षिक निकासा बुलेटिन बनाए बापत निम्न बमोजिमका कर्मचारीहरुलाई प्रतिदिन रु १,०००.00 का दरले भुक्तानी गरेको देखियो । यसरी नर्म्स भन्दा बढी भुक्तानी गरेको रकम असुल गरी दाखिला गर्नुपर्ने रु.

| गोभौ नं र मिति | नाम | अतिरिक्त कार्य दिन | पाउनुपर्ने रकम | कर कट्टापछि पाएको रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १८०।२०८१।०३।२० | विष्णु प्रसाद खनाल | ४३ | १२९०० | ३६५५० | २३६५० |
| | लक्षिमा लामा | ३१ | ९३०० | २६३५० | १७०५० |
| | विरेन्द्र बहादुर कन्दङ्वा | ३९ | ११७०० | ३३१५० | २१४५० |
| | सुजन थापा | १४ | ४२०० | ११९०० | ७७०० |
| | इन्द्र दुलाल | १५ | ४५०० | १२७५० | ८२५० |
| | जम्मा | | | | ७८१०० |

| असुल गर्नुपर्ने | ७८,१०० |
|---|---|

७४ **नर्म्स भन्दा बढी खर्चः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ को उपनियम १ बमोजिम गठित जिल्ला दररेट समितिले 7HP क्षमताको मिनि ट्रिलरको जिल्ला दररेट रु ६०,०००.०० कायम गरेको छ । पालिकाले ५० प्रतिशत लागत साझेदारी बापत देहायका गो.भौ.नं. मितिबाट मकैवालि र रैथानेबालि प्रवर्द्धन बापत पालिकाले विभिन्न समूहलाई प्रति ट्रिलर रु ८०,०००.०० का दरले भुक्तानी गरेको देखिन्छ ।नर्म्स भन्दा बढी रकम रु २०,०००.०० मध्ये पालिकाको अनुदान ५० प्रतिशत रु १०,००० का दरले रु ४०,०००। निम्नानुसारका फर्मबाट/ समूहबाट असुलगरी संघीय संचित कोषमा दाखिला गर्नुपर्ने देखिएको रु.

| गो.भौ.नं. मिति | कार्यक्रम | फर्म।समूहको नाम | बढी भुक्तानी रकम |
|---|---|---|---|
| १३२।२०८१।०३।०९ | रैथाने वाली प्रवर्द्धन कार्यक्रम | संक्रान्ती युवा कृषक समूह | १०००० |
| १५९।२०८१।०३।२७ | मकैवालि प्रवर्द्धन कार्यक्रम | चन्द्रकन्या कृष तथा पशुपालन समूह | १०००० |
| १९०।२०८१।०३।२३ | मकैवालि प्रवर्द्धन कार्यक्रम | डाँडागाउँ कृषक समूह | १०००० |
| १८९।२०८१।०३।२२ | मकैवालि प्रवर्द्धन कार्यक्रम | पुरानागाउँ बहुउदेश्य कृषक समूह | १०००० |
| | | **जम्मा** | **४०,०००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,००० |

७५ **सामुदायिक वनः**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ ख मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपभोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा स्वीकृत योजनाअनुसार संकलन भएको शुल्कको १० प्रतिशत रकम पालिकामा दाखिला गर्नुपर्ने उल्लेख छ । पालिकाक्षेत्र भित्र रहेको कुनै पनि सामुदायिक वनले कार्ययोजना तयार गरी पालिकामा पेश गरेको तथा वन पैदावरको बिक्रीबाट प्राप्त रकमको १० प्रतिशतले हुने रकम समेत पालिकामा दाखिला गरेको देखिएन । तसर्थ डिभिजन वन कार्यालयसँग समन्वय गरी ऐनमा उल्लेख भए अनुसार सामुदायिक वन उपभोक्ता समितिले कार्ययोजना पालिकाबाट स्वीकृत गराई तोकिए अनुसार प्राप्त रकम पालिका संचितकोषमा दाखिला गर्नुपर्दछ ।

७६ **प्रधानमन्त्री रोजगार कार्यक्रमः**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकासमार्फत नागरीकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ७ वडामा ७ योजना सञ्चालन गरी यस वर्ष ३५ जनालाई औसत १०० दिनले ३,५००।०० दिन रोजगारी उपलव्ध गराई रु २३,३८,०००।०० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन । तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ । संचालित आयोजनाहरु निम्नानुसार छन् ।

| **सिनं** | **आयोजनाको नाम** | सहभागि संख्या | **लागत रकम** |
|---|---|---|---|
| १ | सिरिसे मोटरबाटो सोलिङ्ग छिडीबर थोक्लुङ्ग मोटरबाटो नालि निर्माण | ५ | ३३४००० |
| २ | कात्तिर्के जिरोपोइन्ट देखि वोखिम जाने सडक नालि निर्माण | ५ | ३३४००० |
| ३ | चुचिढुङ्गा मन्दिर सिंढी निर्माण | ५ | ३३४००० |
| ४ | ४ नं वडा कार्यालय मुनि हुदै गुम्वा डाँडा सम्म बाटो विस्तार | ५ | ३३४००० |
| ५ | जलसिंह देखि महादेव कामि वर देखि हिउदे खोला देखि महुभिर सिरान हुदै गुम्वा डाँडा सम्म बाटो विस्तार | ५ | ३३४००० |
| ६ | हाङ्गपाङ्ग बाजोगरा सडक मर्मत | ५ | ३३४००० |
| ७ | सत्तिघाट कोयाखोला सडक मर्मत | ५ | ३३४००० |

७७ **वितरण भरपाई नभएकोः**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ ।त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा खर्चको विल भरपाइ सहितको लेखा राख्नुपर्ने तथा नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने त्यस्तै नियम ९९मा जिन्सी मालसामानको लगत बनाई आम्दानी जनाउनुपर्ने व्यवस्था छ।पालिकाले रु.९,४५,५६१।- मूल्यका सामग्रीहरु वितरण गरेको तथा खर्च जनाएकोमा सोको अभिलेख राखेको देखिएन । अत: खर्च जनाएकासामाग्रीहरु सम्बन्धितले बुझेको तथा सम्बन्धित योजनामा खर्च जनाएको प्राविधिक नापजाँच सहितको नापी किताब तथा बितरण गरेको भरपाई पेश गर्नुपर्ने रु…

| गो. भौ . नं र मिति | सामाग्रिको विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| २३४- २०८१।०३।२४ | ड्रम वितरण ६ नं वडा कार्यालय | ६६२७० | स्टोर दाखिला नभएको वितरण भरपाइ नभएको |
| २३४- २०८१।०३।२४ | १२० थान पानी ट्याङ्कि वितरण बडा नं १ | ४६७८२० | स्टोर दाखिला नभएको वितरण भरपाइ नभएको |
| २३४- २०८१।०३।२४ | २४० मिटर २० एम. एम . पाइप वितरण बडा नं १ | ११९०० | स्टोर दाखिला नभएको वितरण भरपाइ नभएको |
| ९४- २०८१।०२।०५ | २४ थान पानी ट्याङ्कि वितरण | ९३५६४ | स्टोर दाखिला नभएको वितरण भरपाइ नभएको |
| ४६- २०८१।०१।०९ | ४७८० मिटर पाइप खर्च जनाएको | २६६००७ | नाँपजाच तथा कुन योजनामा खर्च भएको हो सोको अभिलेख नभएको |
| २७- २०८०।११।०१ | १ थान ब्याट्रि ६ नं वडा कार्यालय | ४०००० | स्टोर दाखिला नभएको |
| | | ९, ४५ , ५६१ | |

| प्रमाण पेश नगरेको | ९,४५,५६१ |
|---|---|

७८ **सोलार जडान :**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

७८.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।कार्य सम्पन्न गरेको कामको अन्तिम बिल भुक्तानी पश्चात कार्य स्वीकार प्रतिवेदन समेत तयार गर्नुपर्ने उल्लेख छ । पालिकाले बजार क्षेत्रमा सोलार जडानको कार्य गरेकोमा उक्त कार्यको प्राविधिक नापजाँज सहितको नापि किताब र कार्य स्वीकार प्रतिवेदन पेश नगरी बिल वापत पञ्चकन्या इन्टरप्राइजेज एण्ड प्रिन्टिङ्ग प्रेशलाई रु.७,८०,०९०।- भुक्तानी गरेको देखिएकाले सम्पन्न कामको प्राविधिक पुष्टाइ सहितको नापी किताब र कार्य स्वीकार प्रतिवेदन पेश गर्नुपर्ने रु….

| प्रमाण पेश नगरेको | ७,८०,०९० |
|---|---|

७८.२ **मूल्य अभिवृद्धि कर दाखिला नगरेको:** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै करार वा सम्झौताको भुक्तानी गर्दा ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ। पञ्चकन्या इन्टरप्राइजेज एण्ड प्रिन्टिङ्ग प्रेसलाई मूल्य अभिवृद्धि कर दर्ता नं ६०६१३७५०४ र बिजक नं २१ मिति २०८०।१०।१५ बाट रु. ७,८०,०९०।- भुक्तानी गर्दा मूल्य अभिवृद्धि कर रकम रु.५८,७४०।-को ३० प्रतिशत रकम रु.१७,६२२ दाखिला नगरी भुक्तानी गरेको देखिएकाले मूल्य अभिवृद्धि कर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु…

| प्रमाण पेश नगरेको | १७,६२२ |
|---|---|

७९ **सुरक्षित नागरिक आवास कार्यक्रमः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

७९.१ सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा १४ ले केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले कार्यक्रम कार्यान्वयन गर्न जिल्लाको स्थानीय तह र संख्या निर्धारण गर्ने उल्लेख छ। त्यसैगरी सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि,२०७५को दफा ११(२) को व्यवस्था अनुसार निवेदन संकलनको सूचना, घरधुरी सर्वेक्षण, लाभग्राही छनोट, सम्झौता र कार्यप्रगतिको आधारमा भुक्तानी गर्ने जिम्मेवारी स्थानीय तहको रहेको छ ।गाउँपालिकाले यस वर्ष सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालनका गरी २९६ लाभग्रही लाई रु.२ करोड २२ लाख खर्च गरेको देखिन्छ।अनुदान प्राप्त गर्ने लाभग्राही छनौट गर्दा कार्यविधिको पालना गर्ने तथा गाउँपालिकाले आय सूचकका आधारमा लाभग्राही छनौट गर्ने व्यवस्था मिलाउनुका साथै प्रदेश तथा स्थानीय तहबाट सञ्चालित कार्यक्रममा दोहोरोपना नहुने गरी एउटै लाभग्राहीले पटक – पटक सुविधा लिने कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

७९.२ **एकै पटक दुइ किस्ता भुक्तानी :** सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा ५(४) मा छनौट भएका लाभग्राहीले अनुदान बापतको रकम दई किस्ता गरी ६० प्रतिशत सामाग्री खरिद गरीसकेपछि र ४० प्रतिशत प्राविधिक प्रतिवेदन तयार गरी भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २९६ लाभग्रहीलाई एकै पटक प्राविधिक प्रतिवेदनको आधारमा एकमुष्ट रु.७५,०००।- दरले जम्मा रु.२,२२,००,००० दिएको देखियो।एकै पटक अनुदान उपलब्ध गराउँदा कार्यविधिको पालना नभएको तथा लाभग्राहीलाई सहज ढंगले किस्ता अनुसारको सुविधा प्राप्त गर्न कठिनाई भएको देखिन्छ। कार्यविधिमा भएको व्यवस्थाको पालना हुनु पर्दछ।

८० **ई हाजिरी मेशिन जडान :**

गो.भौ.नं १९१-२०८१।०३।१८ गाउँपालिका अन्तर्गतका कक्षा १ देखि ८ कक्षा सम्मका १६ वटा विद्यालय ई हाजिरी मेशिन जडान गर्ने गरी तेजस्वी कम्प्यूटर सपोर्टबाट रु.६,९०,३४६।- मूल्यका ३८ थान मेशिन खरिद गरिएकोमा उक्त विद्यालयहरुमा ई हाजिरी मेशिन जडान गरी सञ्चालन हुन सकेको देखिएन। पालिकाले १६ वटा विद्यालयमा ३८ थान मेशिन जडान गरी विद्युत्तीय हाजिरी माध्यमबाट विद्यालय प्रशासन सञ्चालन गरेको प्राविधिक प्रतिवेदन पेश गर्नुपर्ने रु...

| प्रमाण पेश नगरेको | ६,९०,३४६ |
|---|---|

८१ **प्रणामी माध्यमिक विद्यालय भबन निर्माणः**

दक्षिण कोरियाली गैर सरकारी संस्था अम्हङगिल ओमन फउण्डेसन नेपाल, प्रणामी माध्यमिक विद्यालय र गाउँपालिका विच २०७७। ६।९ (२०२० सेप्टेम्बर २५) मा रु.३,६२,००,०००।- लागतमा विद्यालय भवन निर्माण गर्नेगरी अम्हङगिल ओमन फउण्डेसन नेपालले रु.२,९३,००,०००।- र गाउपालिकाले रु.६९,००,०००।- लागत साझेदारी गर्ने गरी सम्झौता गरेको देखियो। यस सम्बन्धमा देखिएको वेहोरा देहाय अनुसार उल्लेख छन।

८१.१ विकास सहायता नीति २०७६ को दफा ३.१०.४ मा विकास सहायताको आयोजनागत विवरण अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गराउनुपर्ने व्यवस्था छ। तर पालिकाले उक्त विद्यालय निर्माण योजनाको विवरण अर्थ मन्त्रालयको सहायता व्यवस्थापन सूचना प्रणालीमा प्रविष्टि गराएको देखिएन।कानुनको पालना गरी उक्त सूचना प्रविष्टी गराउनुपर्ने देखिन्छ।

८१.२ विकास सहायता नीति २०७६ को दफा ३.१०.१ मा अन्तराष्ट्रिय गैर सरकारी संस्थाले विकास सहायता परिचालन गर्ने गरी आयोजना प्रस्ताव गर्दा सम्बन्धित विषयगत मन्त्रालयसंग स्वीकृति लिनुपर्ने व्यवस्था छ। यसरी पालिकाले स्वीकृति लिएको प्रमाण लेखापरीक्षणको क्रममा पेश हुन आएन। साथै अम्हङगिल ओमन फउण्डेसन नेपालबाट विद्यालयको खातामा रु.२,९३,९२,४०३।- प्राप्त भएको पालिकाले विवरण उपलब्ध गराएकोमा सो अनुदान बजेटरी प्रणालीमा समावेश गरेको देखिएन । अत: वैदेशिक अनुदान प्राप्त गर्दा अनिवार्य स्वीकृति लिइनु पर्दछ ।

८१.३ विकास सहायता नीति २०७६ को दफा ३.१०.८ मा विकास सहायताको आय व्ययको विवरण बार्षिक रुपमा सार्वजनिक गर्नु पर्ने र संचालित कार्यक्रमको सार्वजनिक सुनुवाई तथा सामाजिक लेखापरीक्षण समेत गराउनु पर्नेमा सो हुन सकेको देखिएन । तोकिए बमोजिम कार्य गराउनु पर्दछ।

८१.४ **खरिद मोडालिटिः** गाउँपालिकाको समेत साझेदारी रहने रु३,६२,००,०००।- लागतको विद्यालय भवन निर्माण कार्य व्यवस्थापन समितिबाट गराउन सक्ने भनि तत्कालिन वडा नं १ का अध्यक्ष तथा गाउँपालिकाका कार्यावाहक अध्यक्षबाट सिफारिस गरेको देखियो ।प्रणामी माध्यमिक विद्यालय सार्वजनिक निकाय भएको हुँदा सार्वजनिक खरिद ऐन नियम तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन नियमको पालनाको दायित्व विद्यालयमा रहन्नछ।सो विपरित हुने गरी सिफारिस गर्नेलाई जिम्मेवार बनाउनु पर्दछ। विद्यालय व्यवस्थापन समितिबाट नभई सार्वजनिक खरिद प्रक्रिया बमोजिम निर्माण व्यवस्थापन हुनु पर्दछ।

८१.५ भवन निर्माण कार्यकालागि आर्थिक वर्ष २०८०।८१ सम्म अम्हङगिल ओमन फउण्डेसन नेपालबाट विद्यालयको खातामा रु.२९३९२४०३ र गाउँपालिकाबाट २६७५०४९ समेत जम्मा रु ३२०६७४५२ खर्च भएको गाउँपालिकाले उपलब्ध गराएको विवरणमा उल्लेख छ। उक्त खर्च मध्ये गैर सरकारी संस्थाले उपलब्ध गराएको रु.२९३९३४०३ को विद्यालयबाट लेखापरीक्षण गराएको छैन।अतः स्थानीय तहले बैदेशिक सहायता सम्बन्धि सम्झौता गर्दा विकास सहायता परिचालन सम्बन्धि नीति २०७६ र प्रदेश तथा स्थानीय तहको परराष्ट्र र कुटनीतिक मामिला सम्बन्धि निर्देशिका २०७५ मा उल्लेख भएको प्रकृया पुरा गरी सम्झौता गर्ने तथा तिनको कार्यान्वयन गर्ने व्यवस्था मिलाउनु पर्दछ।

८२ **ट्याकटर खरिद :**

सार्वजनिक खरिद ऐनको दफा ८(१) ८ मा उत्पादक वा अधिकृत बिक्रेताबाट निर्धारित दरमा (क्याटलग सपिङ्ग )खरिद गर्न सक्ने व्यवस्था छ । त्यस्तै उत्पादक वा अधिकृत बिक्रेताबाट निर्धारित दरमा (क्याटलग सपिङ्ग )खरिद गर्ने कार्य विधि,२०७४ मा बढीमा ६० मूल्य सम्मको खरिद गर्न सक्ने र उत्पादकबाट छुट तथा सुविधा माग गर्नुपर्ने व्यवस्था छ। पालिकाले हेभी इक्यूमेणंट डिभिजन इटहरीका प्राविधिकबाट ट्याकटरको प्राविधिक स्पेशिफिकेशन तयार गरी क्याटलग सपिङ विधिबाट खरिद गर्न मिति २०८० मंसिर १४ (सन २०२३ नोभेम्बर ३०) मा विद्यतीय बोलपत्र आवहानको सूचना प्रकाशन गरेको देखियो।उक्त सूचनामा उत्पादन मिति नखुलाएको तथा छुट तथा सुविधा समेत माग गरेको देखिएन।सूचनमा उत्पादन मिति नखुलाएको कारण लगभग २ वर्ष अगाडी सन २०२२ मा उत्पादन भएको महिन्द्रा कम्पनीको रु.२७,००,०००।- मूल्यको ट्रलि सहितको ट्याकटर खरिद भएको तथा छुट तथा सुविधा माग नगरेको कारण अंकित मूल्यमानै खरिद भएको देखियो ।सवारी साधन खरिद गर्दा नयाँ लटकै आपूर्ति हुने गरी स्पेशिफिकेशन तयार गर्ने तथा छुट सुविधा समेत र उपयोग गरी न्यूनतम लागतमा खरिद कार्य गरिनु पर्दछ।

८३ **स्काभेटर भाडा:**

आठराई गाउँपालिका यान्त्रिक उपकरण सञ्चालन कार्यविधि,२०८० ले स्काभेटर, लोडर ब्रेकरको भाडा र चालक तथा सहचालकको परिश्रमिक तोकिएको छ।छोटी बजार कोया खोला सडक स्तरोन्नती कार्यमा निर्माण व्यावसायी बि.एस. विल्डर्सले पालिकाको स्काभेटर ११३ घण्टा प्रयोग भएकोमा सो वापत स्काभेटर भाडा रु.४,१५,८४०।- चालकको पारिश्रमिक रु.२२,६०० ।- र सहचालक पारिश्रमिक बापत रु.११,३०० समेत जम्मा रु.४,४९,७४० बुझाउनु पर्नेमा जम्मा रु.४,१५,८४०।- मात्र बुझाएको देखिएकाले अपुग रकम रु.३३,९०० निर्माण व्यवसायीसँग असुल गर्नु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,९०० |

८४ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक

कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। पालिकाले भौचर नं. मिति २६-२०८१।०३।२४ ) १५ बाट शैया आधारभुत अस्पताल पहुँच मार्ग निर्माण उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी गर्दा उपभोक्ताको अंश, कर कट्टी समेत घटाएर रु.१२,११,६८९ ।- भुक्तानी हुनुपर्नेमा रु.१२,२२,०२६।- भुक्तानी भएको देखिएकाले बढी भुक्तानी भएको रकम रु.१०,३३७ सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,३३७ |

८५ **उपभोक्ता समितिलाई खरिदको कार्य :**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ।प्रतिस्पर्धात्मक मूल्यमा खरिद गर्नुपर्ने तथा जटिल प्राविधिक पक्ष समावेश भएका पाइप तथा फिटिङ सामाग्रिहरु समेत उपभोक्ता समितिहरु मार्फत खरिद गराउने गरेको देखियो।यस्ता खरिद कार्य व्यवसायीक फर्मबाट बोलपत्र, सिलबन्दी र दरभाउपत्र मार्फत प्रतिस्पर्धात्मक विधि बोलपत्रमार्फ मार्फत गराउनुपर्नेमा लागत बढी पार्ने गरी देहायका उपभोक्ता समिति मार्फत ऐन तथा नियमावलीमा भएको व्यवस्था विपरित रु.३१,६७,००५।- को सामाग्री खरिद गर्ने गरी कार्य गराएको नियमसंगत नदेखिएको रु.

| सि. नं | उपभोक्ता समितिको नाम | खरिद विवरण | आपूर्तिकर्ता | रकम रु. |
|---|---|---|---|---|
| १ | संक्रान्ति बजार खानेपानी पाइप लाइन बिस्तार उपभोक्ता समिति | पाइप तथा फिटिङ सामाग्री खरिद | पूर्वाञ्चर पलाष्टिक पाइप पाइप इन्डष्ट्रिज | २३, ९६ , ३४० |
| २ | चुनडाँडा खानेपानी सञ्चालन उपभोक्ता समिति | पाइप तथा फिटिङ सामाग्री खरिद | पूर्वाञ्चर पलाष्टिक पाइप पाइप इन्डष्ट्रिज | ७,७०,६६५ |
| जम्मा | | | | ३१, ६७ , ००५ |

| | |
|---|---|
| अनियमित भएको | ३१,६७,००५ |

८६ **उपभोक्ताको योगदान घटाएकोः**

आठराई गाउँपालिकाको आयोजना व्यवस्थापन तथा सञ्चालन कार्यविधि,२०७५ को दफा १४(३)मा दश प्रतिशतमा कम नहुने गरी जनश्रमदान गर्ने व्यवस्था रहेकोमा गाउँसभाको हिउँदे अधिवेशन २०८०।०९।२९ को निर्णको आधारमा जनश्रमदानको अंश पाँच प्रतिशत कायम गर्ने गरी कार्यविधिमा संशोधन गरेको देखियो । गाउँपालिका स्थापना भएदेखिको अभ्यास तथा संघ प्रदेश तथा अन्य छिमेकि पालिकाको असल अभ्यास विपरित हुने गरी जनश्रमदानको अंश पाँच प्रतिशत कायम गर्नु लागत प्रभावि देखिएन। पालिकालेजनश्रमदानको अंश पाँच प्रतिशत कायम गरी योजना सम्झौता गरेको कारण यस वर्ष २०८० पौष ३० देखि २०८१असार मसान्त सम्म सञ्चालितयोजनाबाट पालिकालाई रु.२१,३९,९२७.२२ थप व्यभार पर्न गएको देखियो।पर्याप्त आधार वेगर र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को जनसहभागिता बढाउने मनसाय तथा गाउँपालिका स्थापना भएदेखिको अभ्यास तथा संघ प्रदेश तथा अन्य छिमेकी पालिकाको असल अभ्यास समेतलाई विचार नगरी आयोजना व्यवस्थापन तथा सञ्चालन कार्यविधिमा जनश्रमदानको अंश घटाउने गरी गरेको निर्णयको सम्बन्धमा संशोधन हुनुपर्दछ ।

**(विस्तृत विवरण बेरूजु दफा ८६ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)**

८७ **उपभोक्ता समितिको योगदानः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिलाई भुक्तानी गर्दा सम्झौता अनुसार जनसहभागिताको अश कटाई भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले (४-२०८०।०६।२१) बाट गाउँपालिका अध्यक्ष कार्यकक्ष निर्माण उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी गर्दा सम्झौतामा उल्लेखित १०.२६ प्रतिशत जनसहभागिताको योगदान नकटाई भुक्तानी गरेको

देखिएकाले जम्मा मूल्याङ्कन रकम रु.८,०६,०२५.४७ को १०.२६ प्रतिशतले हने रु.८२,६९८ सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,६९८ |

८८ **उपभोक्ता समितिबाट सरकारी कार्यालयको निर्माण तथा मर्मतको कार्यः**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ।पालिकाले वडा तथा गाउँपालिका भित्रका कार्यालय निर्माण तथा मर्मत कार्यमा समेत सीमित व्यक्तिहरुलाई समावेश गरी उपभोक्ता समिति गठन गरी कार्य गराएको देखियो ।सरकारी निकायको निर्माण कार्यमा उपभोक्ता समिति गठन गरी कार्य सञ्चालन गर्नु कानून विपरित देखिन्छ।कानूनको पालना नगर्ने प्रवृति नै यसको कारण हो। लेखापरीक्षणको क्रममा नमुना छनौट गरी परीक्षण गर्दा यस वर्ष पालिकाले देहाय अनुसार गाउँपालिका र वडा कार्यालयले भवन निर्माण तथा मर्मत कार्यमामा उपभोक्ता समिति लाई संलग्न गराई रु. ३४,४५,६९२ ।- खर्च जनाएको अनियमित देखिएको रु...

| गौ. भौ . नं र मिति | उपभोक्ता समितिको नाम | कार्य विरण | खर्च रकम रु. |
|---|---|---|---|
| ४- २०८०।०६।२१ | गाउँपालिका अध्यक्ष्य कार्यकक्ष निर्माण उपभोक्ता समिति | अध्यक्ष कार्यकक्ष निर्माण गरेको | ८०६०२५ |
| २५- २०८०।१०।२९ | गाउँपालिका भित्र नगरप्रहरी किचन, प्राविधिक शाखा निर्माण शौचालय निर्माण उपभोक्ता | किचन, प्राविधिक शाखा निर्माण शौचालय निर्माण गरेको | ४४९८४० |
| ५८- २०८१।०१।१२ | २ नं वडा कार्यालय माथिल्लो तला वाल निर्माण उपभोक्ता समिति | माथिल्लो तला वाल निर्माण गरेको | २६१९०० |
| २१३- २०८१।०३।२३ | वडा कार्यालय वाइरिङ उपभोक्ता समिति | वडा कार्यालय वाइरिङ गरेको | ४५१४५ |
| १५५- २०८१।०३।०६ | २ नं वडा कार्यालय क्रमागत भबन निर्माण उपभोक्ता समिति | २ नं वडा कार्यालय भवन निर्माण | ८३७५३२ |
| १३४- २०८१।०२।३१ | ४ नं वडा कार्यालय रंगरोगन उपभोक्ता समिति | वडा कार्यालय रंगरोगन गरेको | १९३८५ |
| ७६- २०८१।०२।३१ | ७ नं कार्यालय बाँकी कार्य उपभोक्ता समिति | बाँकी कार्यालय बाँकी कार्य गरेको | १९२३२५ |
| ६७- २०८१।०१।२० | ४ नं वडा कार्यालय फल्ससिलिङ आल्मुनियम पार्टेशन लगायत निर्माण उपभोक्ता समिति | फल्ससिलिङ आल्मुनियम पार्टेशन लगायत निर्माण गरेको | ८३३५४० |
| जम्मा | | | ३४४५६९२ |

| | |
|---|---|
| अनियमित भएको | ३४,४५,६९२ |

८९ **बढी भुक्तानीः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ। पालिकाले (२१८-२०८१।०३।२३ ) बाट शिवालय मन्दिर खानेपानी उपभोक्ता समितिलाई अन्तिम बिल भुक्तानी गर्दा उपभोक्ताको अंश, कर कट्टी समेत घटाएर रु.१,२५,२९१।- भुक्तानी हुनुपर्नेमा रु.१,३२,५६०।- भुक्तानी भएको देखिएकाले बढी भुक्तानी भएको रकम रु.७,२६८।- सम्बन्धित उपभोक्ता समितिबाट असुल हुनु पर्ने रु...

| असुल गर्नुपर्ने | ७,२६८ |
|---|---|

९० **ठेक्का अभिलेखः**

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

९१ **अधुरा ठेक्काः**

यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।

९१.१ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) बमोजिम कामबीचमा छाडेमा खरिद सम्झौता अन्त्य गर्न सकिने व्यवस्था छ।पालिकाले विगत वर्षमा ठेक्का व्यवस्थापन गरेका देहाय अनुसारका ठेक्काहरु सम्झौताको अवधि समाप्त भइ पटक पटक म्याद थप गर्दा समेत सम्पन्न हुन सकेको देखिएन। सम्झौता पश्चात स्रोत व्यवस्थापन नभएको कारण निर्माण कार्य सम्पन्न हुन नसकेको पालिकाले जनाएको । स्रोत व्यवस्थापनका लागि अन्तर सरकारी निकाय समन्वय गरी सम्झौता अनुसार निर्माण कार्य सम्पन्न गरिनु पर्दछ ।

| सि. नं | योजनाको नाम | निर्माण व्यावसायी | सम्झौता रकम | सम्झौता मिति | कार्य सम्पन्न गर्ने सुरु मिति | भुक्तानी रकम | भौतिक प्रगति | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | पोखरी माध्यमिक विद्यालय निर्माण | कनकाइ म्युचल जे. भी . | ३२७७३३२७.६२ | २०७८।०१।१९ | २०७९।०७।२१ | २८, ६८ , ४२६ | १२ | बजेट व्यवस्था नभएको |
| २ | १५ शैया अस्पताल | डाँफे कन्स्ट्रक्सन कम्पनी प्रा. लि | १६०००००१०३.७ | २०७८।०८।०९ | २०८०।०८।२५ | १, ६० , ०० , ००० | ११ | बजेट व्यवस्था नभएको |

९१.२ **सम्झौता अनुसारको अवधिमा पेश्की कट्टी :** कार्यालय र निर्माण व्यवसायी बीच भएको सम्झौताको कन्डिसन आप कन्ट्रयाक्टको जीसीसी ५७.३ मा भुक्तानी ३० प्रतिशत नाघे पश्चात् रनिङ्ग विल भुक्तानीको २० देखि ४० प्रतिशत सम्मका दरले सम्झौता अवधिको ८० प्रतिशत समयभित्र पेश्की फर्स्यौट गरी सक्नुपर्ने उल्लेख छ। पालिकाले सुरु सम्झौताको अन्तिम मिति २०७९।१२।१४ अगाबै पेश्की फर्स्यौट गरी सक्नु पर्नेमा फर्स्यौट गरेको देखिएन। पालिकाले पोखरी माध्यमिक विद्यालय कनकाइ म्युचल जे.भी.लाई दिएको रु. २८,६८,४२६।- र १५ शैया अस्पताल निर्माण बापत डाँफे कन्स्ट्रक्सन कम्पनी प्रा.लि लाई दिएको रु. १६०,००,०००।- समेत जम्मा रु. १,८८,६८,४२६।- पेश्की बाँकी देखिन्छ ।पालिकाले बजेट व्यवस्था नभएको र रनिङ विलहरुको भुक्तानी समेत नभएको कारण पेश्की फर्स्यौट नभएको जनाएको छ । नियमानुसार असुल फर्स्यौट गरिनु पर्दछ।

९१.३ **जमानत जोखिममा :** सार्वजनिक खरिद नियमावली , २०६४ मा पेश्की जमानतको म्याद पेश्की फर्स्यौट गर्ने अवधि भन्दा कम्तिमा १ महिना बढी अवधिको र कार्य सम्पादन जमानतको मान्य अवधि त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं २२-२०७८।०३।२९ बाट पोखरी मा.बि निर्माण कार्यको कनकाइ म्युचल जे.भी.लाई कृषि बिकास बैंक लिमिटेडको अग्रिम पेश्की जमानतको आधारमा रु. २८६८४२६ पेश्की उपलब्ध गराएकोमा उक्त जमानतको मान्य अवधि २०७९ असार २२ मा समाप्त भएको तथा कृषि बिकास बैंक लिमिटेडको कार्य सम्पादन जमानत रु.३९,५६,३९७।- को मान्य अवधि २०८०।०८।१५ मा समाप्त भएको बजेट अभावको कारण जनाई पालिकाले थप कारबाही समेत नगरेको तथा लेखापरीक्षण अवधि मिति २०८१।०५।३० गते सम्म समेत फर्स्यौट भएको तथा म्याद थप समेत भएको नदेखिएकाले उक्त्त जमानत रकम नियमानुसार असुल हुनु पर्ने रु.

| असुल गर्नुपर्ने | ६८,२४,८२३ |
|---|---|

९२ **पूर्व निर्धारित क्षतिपूर्तिः**

सार्वजनिक खरिदको नियमावली,२०६४ को नियम १२१ अनुसार कावु बाहिरको परिस्थितिले बाहेक तोकिएको समयमा कार्य सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नपर्ने व्यवस्था छ । त्यस्तै सम्झौताको सामान्य शर्त जि.सि.सि को ५१.१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले कार्य सम्पन्न हुन नसकेमा सम्झौता रकमको ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य गराउनुपर्ने उल्लेख छ।पालिकाले देहाय अनुसार तीन ठेक्काको कार्य तोकिएको समयमा सम्पन्न हुन नसकेको जनाई कार्यपालिकाको मिति २०८१।०३।२० निर्णयले प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्ने गरी म्याद थप गरेको देखियो।उल्लेखित योजनाहरुको १० प्रतिशतले नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशतका दरले पूर्व निर्धारित क्षतिपूर्ति असुल गरी बाँकी कार्य सम्पन्न गरिनु पर्दछ।

| ठेक्का नं | योजनाको नाम | निर्माण व्यावसायी | सम्झौता मिति | कार्यसम्पन्न गर्नु पर्ने मिति | म्याद थप | सम्झौता रकम रु. |
|---|---|---|---|---|---|---|
| ARM/NCB/works 2080.081-04 | तेह्रथुम बहुमुखि क्याम्पस | सिद्धलेख निर्माण सेवा एण्ड सप्लायर्स | २०८०। १०।२२ | २०८१।०३। १० | २०८१। ०५।१० | ४७७६८२२.७७ |
| ARM/NCB/works 2080.081-06 | चिस्यान केन्द्र भबन | के.पि. कन्स्ट्रक्सन | २०८१। ०१।१० | २०८१।०३। १० | २०८१। ०४।३० | ५४५५०६०.६७ |
| ARM/NCB/works 2080.081-06 | छोटी बजार-कोया खोला सडक स्तरोन्नती | बि.एस.विल्डर्स | २०८०। ११।२० | २०८१।०३। १० | २०८१। ०५।२९ | २१६७८७४.३९ |

९३ **बीमा बपतको भुक्तानी :**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार रनिङ बिल भुक्तानी गर्दा करारका शर्त बमोजिम गर्न सक्ने उल्लेख छ । नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले ( गो.भौ.नं १३८-२०८१।०२।३१ ) महादेव आधारभुत विद्यालय भबन निर्माण कार्यको सिद्धलेख निर्माण सेवालाई प्रथम रनिङ विलको भुक्तानी गर्दा प्रोभिज्नल समको बीमा वापत रु.१४,९०७।- भुक्तानी भएकोमा उक्त खर्चलाई पुष्टाइ गर्ने सक्कल बीमालेख र कर बिजक श्रेस्तासँग संलग्न गरेको देखिएन ।बीमा खर्चलाई पुष्टाई गर्ने सक्कल बीमालेख र कर बिजक पेश गर्नुपर्ने अन्यथा निजबाट उक्त रकम असुल गरिनुपर्ने रु…

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,९०७ |

९४ **म्याद थप :**

ठेक्का सम्झौतामा भेरियसन आदेश र असामान्य अवस्था (क्षतिपुर्तीजन्य घटना) को आधारमा म्याद थप गर्न सकिने व्यवस्था छ । समय नियन्त्रणको लागि ठेक्का सम्झौतामा प्रत्येक ६० दिनमा कार्यतालिका अध्यावधिक गर्नुपर्ने, म्याद थप गर्नुपर्ने घटनाको पूर्व जानकारी दिनुपर्ने, म्याद थप गर्ने घटनाले गरेको प्रभावको आधारमा दिनगन्तीका हिसाबले म्याद थप गर्नुपर्ने, ठेक्काको काम गरेको डेली डायरी राख्नुपर्ने व्यवस्था छ।खरिद सम्झौतामा निर्धारण भएको अवधीमा कार्यसम्पन्न नभई गत विगतदेखि सुरु भएका तथा यस वर्ष सम्झौता भएका विभिन्न १६ ठेक्का मध्ये ८ वटा ठेक्कामा म्याद थप भएको छ ।सो मध्ये ४ वटामा ५० प्रतिशत र २ वटामा ५१ देखि शत प्रतिशत र २ वटामा १०० प्रतिशत भन्दा बढी अवधि थप भएको छ ।खरिद सम्झौतामा म्यादथप गर्दा समयमा निर्माण कार्य सम्पन्न नभएका कारण अपेक्षित उपलब्धि प्राप्त नहुने, निर्माण कार्यको लागत बढ्ने तथा खरिद व्यवस्थापन कार्य लम्बिन जान्छ । थप भएको अवधीमा तोकिए बमोजिमको कार्य सम्पन्न गराउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ।

| क्र सं | कार्यक्रमको नाम | जम्मा कायम सम्झौता संख्या | म्याद थप भएको सम्झौता संख्या | | | |
|---|---|---|---|---|---|---|
| | | | अवधि थप गर्नु नपर्ने | सुरु अवधिको ५०% सम्म थप | सुरु अवधिको ५१% देखि १०० % सम्म थप | शत प्रतिशतभन्दा बढी अवधि थप |
| १ | बिभिन्न ठेक्का सम्बन्धी विवरणहरु | १६ | 8 | 4 | २ | २ |

९५ **ईवा बरवोटे छातेढुङ्गा देउडिवजार सडक निर्माणः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

९५.१ गाँउपालिकाले संघीय समपुरक अनुदान अन्तरगत ईवा बरवोटे छातेढुङ्गा देउडिवजार सडक निर्माणको लागि ठेक्का नं NCB/ARM/ROAD-02/2078/79मार्फत निर्माण व्यवसायी एस.ए.एस कन्सट्रक्सन प्राली सँग रु.८,४७,७७,८२६।५३ (मूल्य अभिवृद्धी कर समेत) मा २०८०।0९।१७ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।0३।२३ मा सम्झौता भएको छ।यस वर्ष चौथो र पाँचौ तथा अन्तिम बिल रु.३६८४२१८३ समेत जम्मा यस वर्षसम्म रु.८४९६१५७४.२३ (भेरिएसन समेत) भुक्तानी गरी कार्य स्वीकार गरेको छ। यस सम्वन्धमा देखिएका वेहोराहरु देहाय वमोजिम रहेका छन ।

९५.२ बैङ्क ग्यारेण्टी बेगरको पेश्की उपयोग : सार्बजनिक खरिद ऐनको दफा ५२क (१)मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ।पालिकाले निर्माण व्यवसायी एस.ए.एस कन्सट्रक्सन प्रा.लि. लाई कृषि बिकास बैंक लिमिटेडको APG012/00/0013/677922 नं को मिति २०८०।०३।२१ सम्म मान्य अवधि भएको अग्रिम बैंक जमानतको आधारमा मिति २०७९।०३।२३ मा रु.१,६९,००,००० पेश्की दिइएकोमा विभिन्न मितिमा फर्स्यौट गरी २०८०।०३।२१ सम्म रु.७६,८२,६७२ बाँकी रहेको देखियो।उक्त अवधि सम्ममा पेश्की कट्टी नगरी अन्तिम विल सम्ममा मात्र सम्पूर्ण पेश्की कट्टी गरेको देखियो । अग्रिम बैंक जमानत बेगर देहाय अनुसार पेश्की उपयोग गरेको अवस्थाले कानुन तथा सम्झौताको शर्त पुरा गरेको देखिएन । सम्झौताको शर्तलाई पालनना नगर्नेलाई जिम्मेबार र जवाफदेही बनाउनु पर्दछ ।

| सुरु पेश्की | जमानतको मान्य अवधि | बाँकी पेश्की | फर्स्यौट रकम | जमानतको मान्य अवधि बेगर उपयोग गरेको अवधि |
|---|---|---|---|---|
| १,६९,००,००० | २०८०।०३।२१ | ७६,८२,६७२ | ६५,२०,९३० | २०८०।०६।०७-६७ दिन |
| | | १२,०५,४७८ | १२,०५,४७८ | २०८१।०३।१७ -२८० दिन |

९५.३ **भेरिएसनको दर विश्लेषण :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । पालिकाले सुरु सम्झौतामा उल्लेख ६१९.२० घ.मि. स्टोन सोलिङको कार्यको भेरियशन गरी प्रति घ.मि रु.२१७८ का दरले जम्मा रु.१५२३९३८ मूल्य अभिवृद्धिकर सहित भुक्तानी गरेको देखियो । उक्त आइटमको लागत अनुमान तयार गरी दर निर्धारण गर्दा घटी कबोल गरेको ६.४५ प्रतिशत घटीमा लागत अनुमान तयार गरेको देखितापनि आर्थिक वर्ष २०७९।०८० मा भएको कार्यको प्रति घ.मि.२०३३ मा भेरिएशन स्वीकृत गर्नुपर्नेमा आर्थिक वर्षको २०८०।०८१ को जिल्ला दरटले प्रति घ.मि. रु.२१७८ निर्धारण गरेको देखिएकाले प्रति घ.मि. रु.१४५ का दरले ६१९.२० घ.मि.को रु.७९,७५५ र मूल्यअभिवृद्धि कर रु. ११,६६८ समेत जम्मा रु.१,०१,४२३।- बढी भुक्तानी हुन गएको देखियो ।बास्तविक कार्य सुरु भएको आर्थिक वर्ष २०७९।०८० जिल्ला दररेट कायम नगरी भेरियशन स्वीकृत गरेको कारण निर्माण व्यावसायीलाई बढी भुक्तानी भएको रकम असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,०१,४२३ |

९५.४

**बीमा पोलिसी र कर बिजक :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पुर्ण निर्माण कार्य, कामदार, उपकरण, र निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था छ।त्यस्तै बीमाको म्याद त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ ।पालिकाले प्रोभिजनल समको भुक्तानी गर्दा सक्कल कर विजक तथा बिमा पोलिसी वेगर निर्माण व्यावसायीलाई रु.१,००,०००।- भुक्तानी गरेको देखियो। उक्त निर्माण कार्यको सम्पूर्ण अवधि कभर भएको बीमा पोलिसी र कर विजक पेश गर्नु पर्ने अन्यथा उक्त रकम असुल गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

## ९६ कन्टिजेन्सी खर्चः

पालिकाले कन्टीजेन्सी रकम खर्च गर्दा कार्यविधि तयार गरेर मात्र खर्च गर्नु पर्दछ । यो वर्ष कुल रु.१२ लाख ९१ हजार कन्टिजेन्सी खर्च गरेकोमा ढुवानी खर्च, अतिरिक्त समय पारिश्रमिक र कार्यक्रम सञ्चालनमा रु.१२ लाख ५९ हजार चालु कार्यक्रममा मात्र खर्च गरेको देखियो। उक्त खर्चगर्दा कन्टीजेन्सी खर्च सम्वन्धि कार्यविधि तयार गरेको देखिएन । कार्यविधि तयार गरी कार्यविधि बमोजिम कन्टीजेन्सी खर्च गर्नेतर्फ पालिकको ध्यान जानु पर्ने देखिन्छ ।

## ९७ कर बिजकः

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग कर बीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। रीतपूर्वकको कर बीजकबेगर सामान खरिद गरी रू. ५,५१,८७३।- खर्च लेखेको छ। त्यस्तै पालिकाले ३० प्रतिशत मूल्य अभिवृद्धि कर कट्टा नगरी रू. ३४,४७८ भुक्तानी गरेको देखिएकाले कर बीजक तथा मूल्य अभिवृद्धिकर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.

| गो. भौ न र मिति | आपूर्तिकर्ता | भ्याट दर्ता नं | बिजक नं | बिल रकम | ३० प्रतिशत मूल्य अभिवृद्धि कर | कैफियत |
|---|---|---|---|---|---|---|
| १५१- २०८१।०३।०६ | आठराई ढुवानी सेवा | | | ६१११० | | बिजक पेश गर्नुपर्ने |
| ७९- २०८१।०२।०१ | राष्ट्री मेची इन्जिनियरिङ कन्सल्टेन्सी | ६०६५४३४५९ | ३ | ४९०७३६ | | फोटकपि बिलका आधरमा भुक्तानी सक्कल बिजक पेश गर्नुपर्ने |
| २१- २०८०।१०।१५ | पञ्चकन्या इन्टरप्राइजेज | ६०६१३७५०४ | ३६ | ९९९००० | ३४४७८ | मूल्य अभिवृद्धिकर समायोजनको प्रमाण पेश गर्नुपर्ने |
| सक्कल बिजक पेश गर्नुपर्ने रु. | | | | ५५१८४६ | | |
| ३० प्रतिशत मूल्य अभिवृद्धि कर | | | | | ३४४७८ | |
| जम्मा रु. | | | | | ५८६३२४ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,८६,३२४ |

## ९८ गाउँपालिकाको एकिकृत प्रशासनिक भबन निर्माण

गाँउपालिकाले प्रशासकीय भवन निर्माणका लागि ठेक्का नं ARM/NCB/works/2080/81-01 मार्फत निर्माण व्यवसायी आर.बी. सिद्धार्थ ब्रोदर्श शुभलक्ष्मी ड्रागन जेभी सँग रु ११,१६,८९,४५०।६३ (मूल्य अभिवृद्धी कर र पिएस वाहेक) मा २४ महिनामा निर्माण कार्य सम्पन्न गर्नेगरी २०८०।०६।२६ मा सम्झौता भएको छ। यस वर्ष प्रथम रनिङ बिल वापत रु.१,४८,६१,८८७ भुक्तानी भएको छ। यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन :

९८.१ **निर्माणस्थलको व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६(३) मा निर्माण स्थलको व्यवस्था नभई बोलपत्र आव्हन गर्न नहुने व्यवस्था छ ।पालिकाले एकिकृत प्रशासनिक भबन निर्माण स्थलको भोगाधिकार प्राप्त नगरी २०८०।०६।२६ मा ठेक्का सम्झौता गरी निर्माण अगाडी बढाएको देखियो। उक्त जग्गाको धनी पुर्जा साविकको कृषि सेवा केन्द्रको नाममा रहेकोमा जग्गाको

भोगाधिकार प्राप्त भएको देखिएन। भोगाधिकार प्राप्त नगरी कार्य गर्दा निर्मित संरचनाको स्वामित्व नरहने तथा विभिन्न विवादहरु सिर्जना भई सेवा प्रवाहमा असर पर्ने देखिन्छ।अत: आगामी दिनमा निर्माण कार्यको पूर्व तयारी सम्पन्न गरी ठेक्का व्यवस्थापन गर्नु पर्दछ ।

९८.२ **निर्माण कार्यतालिकाः** उल्लेखित निर्माण व्यवसायि सँग भएको सम्झौताको विशेष शर्तको बुँदा ३४.३ मा निर्माण व्यवसायिले हरेक ३० दिनमा कार्यतालिका अपडेट गर्नुपर्ने अन्यथा रु.१,००,०००।- का दरले भुक्तानी रोक्का राख्नुपर्ने उल्लेख छ। उल्लेखित निर्माण व्यवसायिले सम्झौता वमोजिम कार्यतालिका पेश नगरेको तथा अपडेट गरेको देखिएन। सम्झौताका शर्त वमोजिम कार्यतालिका तोकिएको समयमा पेश नगरेकाले भुक्तानी रोक्का राख्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

९८.३ **बढी परिमाणको कार्य :** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएसन आदेश जारी गर्नसक्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८ मा भेरिएसन जारी गर्दा प्राविधिक पुष्ट्याइँ समेत पेस गर्नुपर्ने व्यवस्था छ। पालिकाले भेरियशसन स्वीकृत नगरी कटिङ र फिलिङको अनुपात समेत म्याच नहुने ब्याक फिलिङ सम्बन्धी कार्यको शुरु सम्झौतामा उल्लेखित परिमाण भन्दा ६८३.७४ घ.मि. प्रति घ.मि.को रु २००ले जम्मा रु. १,५४,५२५।- देहाय अनुसार बढी परिमाणको भुक्तानी गरेको देखियो ।बढी परिमाणको भेरियशन स्वीकृत हुनुपर्ने अन्यथा असुल हुनु पर्ने रु.

| सि. नं | कार्य विवरण | समझौतामा उल्लेखित परिमाण | भुक्तानी परिमाण | बढी परिमाण | दर | रकम |
|---|---|---|---|---|---|---|
| १ | Back filling | २४२.३२ | ९२६.०६ | ६८३.७४ | २०० | १, ३६ , ७४८ |
| भ्याट रकम | | | | | | १७,७७७ |
| जम्मा रकम | | | | | | १, ५४ , ५२५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५४,५२५ |

९८.४ **बीमाको म्याद तथा बिजक :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ मा निर्माण व्यवसायीले सम्पुर्ण निर्माण कार्य, कामदार, उपकरण, र निर्माण कार्यको विमा गराउनु पर्ने व्यवस्था छ।त्यस्तै बीमाको म्याद त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा १ महिना भन्दा बढी अवधिको हुनुपर्ने व्यवस्था छ ।पालिकाले बीमा बापत प्रोभिजनल समबाट रु.९,८०,४४८ ।- भुक्तानी गरेको र उक्त बीमा पोलिसिको मान्य अवधि २०२४ अप्रिल ४ सम्म अर्थात घटि अवधि रहेको तथा कर बिजक र बीमा पोलिसी समेत फोटोकपि बिलबाट गरेको देखिएकाले भौतिक संरचना र श्रमिक तथा स्टाफ कर्मचारीको पुरै अवधिको बीमा पोलिसी र सक्कल कर बिजक पेश गर्नुपर्ने रु....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,८०,४४८ |

९८.५ **ल्याव टेष्ट बापतको भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ मा कुनै रकम भुक्तानी दिदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने र सार्वजानिक खरिद नियमावली, २०६४ को नियम १२३ (१) खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताब (मेजरमेन्ट वुक) मा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा दिनुपर्ने व्यवस्था छ।निर्माण व्यावसायीलाई प्रथम रनिङ बिल भुक्तानी गर्दा प्रोभिजनल समबाट मोनमोहोन प्राविधिक विश्वविद्यालयबाट बिभिन्न टेष्ट गरेको जनाई रु.३५,५९३ ।- भुक्तानी गरेकोमा सक्कल बिल तथा रिपोर्ट संलग्न गरेको देखिएन।सक्कल कर विजक तथा ल्याव रिपोर्ट पेश गर्नुपर्ने रु...

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३५,५९३ |

९८.६ **ननफाइलरः** मूल्य अभिबृद्धि कर ऐन २०५२ को दफा ७ बमोजिम असुल गरेको मूल्य अभिबृद्धि कर विवरण अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा पेश गर्नुपर्ने ब्यवस्था रहेको छ । मासिक खरिदमा तिरेको कर बिक्रीमा उठाएको करसंग मिलान गरी बाँकी दाखिला गर्नुपर्नेमा आर.बि. सिद्धार्थ ब्रोदर्श शुभलक्ष्मी ड्रागन जेभीको मूल्य अभिबृद्धि कर ६२०५६७३३६बाट विवरण हेर्दा निज (Non-filer since 2080/M/7) ननफाइलरको रुपमा रहेको पाइयो।राज्यलाई बुझाउनुपर्ने मूल्य अभिबृद्धि कर नबुझाएकोले निर्माण ब्यावसायीलाई बिजक नं १ मिति २०८१ ।०३।१९ बाट भुक्तानी दिएको मुल्य अभिबृद्धि कर रु. २५,१०,०२६ ।- मध्ये ७० प्रतिशत रु.१७,५७,१५८ ।- को मुल्य अभिबृद्धि कर समायोजनको प्रमाण पेश गर्नुपर्ने रु.....

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १७,५७,१५८ |

९८.७ **गुणस्तर परीक्षण :** निर्माण व्यवसायीसँग भएको सम्झौताको General Condition to Contract मा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण सम्बन्धी व्यवस्था तथा Technical Specification मा निर्माण कार्यको सम्झौता गर्दा निर्माण व्यवसायीबाट Quality Assurance Plan(QAP) पेस गर्न लगाई सो अनुसार आवश्यक मात्रा तथा संख्या Volume and Frequency मा गुणस्तर परीक्षण गरी निर्माण गरिएका संरचनाहरूको गुणस्तर कायम गर्नुपर्ने व्यवस्था छ । निर्माण कार्यमा प्रयोग भएका केही आइटमहरुको गुणस्तर परीक्षण गरी श्रेस्तासँग संलग्न गरे पनि इट्टा, डण्डी लगायतका निर्माण सामाग्रीहरुको तोकिए बमोजिमको संख्यामा गुणस्तर परीक्षण गरेको रिपोर्ट देखिएन। अतः भवन निर्माण कार्यमा प्रयोग गरिने इट्टा, डण्डी, क्रंक्रिट, र क्युब लगायतमा अपेक्षित गुणस्तर कायम गर्ने तर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

९८.८ **यान्त्रिक उपकरण भाडा :** आठराई गाउँपालिका यान्त्रिक उपकरण सञ्चालन कार्यविधि,२०८० ले स्काभेटर, लोडर ब्रेकरको भाडा र चालक तथा सहचालकको परिश्रमिक तोकिएको छ।पालिका भबन निर्माण कार्यको ल्याण्ड डेभलोमेण्ट कार्यमा पालिकाको स्काभेटर तथा ब्रेकर सञ्चालन भएकोमा सो वापत भाडा पालिकाको स्थानीय सञ्चित कोषमा दाखिला गरेको देखिए पनि चालकको पारिश्रमिक ११३.१६ घण्टा को प्रति घण्टा रु.२०० का दरले हुने रु.२२,६३२।- र सहचालक पारिश्रमिक ९७ घण्टा को प्रति घण्टा रु.१०० का दरले हुने रु.९,७०० ।- समेत जम्मा रु.३२३३२।- निर्माण व्यवसायी आर.बी. सिद्धार्थ ब्रोदर्श शुभलक्ष्मी ड्रागन जेभी सँग असुल गर्नु पर्ने रु...

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३२,३३२ |

९९ **सक्रान्तीबजार व्यवस्थापन**

गाँउपालिकाले संघीय समपुरक अनुदान अन्तरगत सक्रान्तीबजारमा करिव १.४२ किलोमिटर सडक स्तरोन्नती गरी करिव ८३७ मिटर कालोपत्रे सडक तथा २५६ मिटर आरसीसीको कार्य तथा २ वटा कल्भर्ट, करिव ०.९७ किलोमिटर नाला समेतको संरचना निर्माणको लागि ठेक्का नं NCB/ARM/ROAD-01/2078/79 मार्फत निर्माण व्यवसायी थापा सिन्धुली जेभी सँग रु.६,२९,५७,६२९।०३ (मूल्य अभिवृद्धी कर समेत) मा २०८०।९।२८ सम्ममा निर्माण कार्य सम्पन्न गर्नेगरी २०७९।३।२८ मा सम्झौता भएको देखियो ।यस वर्ष चौथो र पाँचौ तथा अन्तिम बिल रु.३,६८,९१,९९२।- समेत जम्मा यस वर्षसम्म रु.६,३१,४३,४३१.३० (भेरियशन समेत) भुक्तानी गरी कार्य स्वीकार गरेको छ।यस सम्वन्धमा देखिएका व्यहोरा देहाय वमोजिम रहेका छन:

९९.१ **प्रोभिजनल समको भुक्तानी :** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार रनिङ बिल भुक्तानी गर्दा करारका शर्त बमोजिम गर्न सक्ने उल्लेख छ । नियम १२३(२) मा रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी लिनको लागि आपूर्तिकर्ता, निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिम आवश्यक पर्ने कागजात पेश गर्नुपर्ने उल्लेख छ। पालिकाले पाँचौ तथा अन्तिम बिल सम्म सक्रान्ती बजार व्यवस्थापनको निर्माण कार्य गरी निर्माण व्यवसायी थापा सिन्धुली जेभीलाई देहाय वमोजिमका प्रोभिजनल समको आईटम समेत समावेश गरी भुक्तानी गरेकोमा निर्माण व्यवसायीले प्रोभिजनल समको आइटमको आवश्यक विल वेगर रु.१२,३०,०००।- भुक्तानी गरेको देखिएकोले उक्त विल विजक तथा भुक्तानीको आधार पेश हुनुपर्ने अन्यथा आवश्यक पुष्टाई र विल वेगर भुक्तानी गरेको रकम असुल गर्नुपर्ने रु .......

| सि. नं | प्रोभिजनल समको आइटम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| १ | Insurance | २६०००० | ठेक्का अवधिलाई कभर गर्ने बीमा पोलिसी र कर बिजक भए पेश गर्ने अन्यथा असुल गर्नुपर्ने |
| २ | Site office | २७०००० | पालिका नजिककै निर्माण कार्य भएकाले यो खर्च नभएको तथा उक्त भाडा इन्जिनियरले प्रयोग गरेको पुष्टाई हुने आधार नदेखिएको असुल गर्ने |
| ३ | Reallocation or resources | २००००० | उक्त कार्यलाई पुष्टाइ गर्ने कर बिजक लगायतका प्रमाण पेश नभएको असुल गर्ने |
| ४ | Environment mitigation | १००००० | उक्त कार्यलाई पुष्टाइ गर्ने कर बिजक लगायतका प्रमाण पेश नभएको असुल गर्ने |
| ५ | Social compliance | १००००० | उक्त कार्यलाई पुष्टाइ गर्ने कर बिजक लगायतका प्रमाण पेश नभएको असुल गर्ने |
| ६ | Traffic safety and special control ,temporary diversion | 200000 | उक्त कार्यलाई पुष्टाइ गर्ने कर बिजक लगायतका प्रमाण पेश नभएको असुल गर्ने |
| ७ | Lab test | ८५५५० | टेष्ट रिपोर्टको सक्कल प्रति र कर बिजक भए पेश गर्ने पेश गर्ने अन्यथा असुल गर्नुपर्ने |
| जम्मा | | १२३०००० | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १२,३०,००० |

९९.२ **बढि पेश्कीको ब्याज** - सार्वजनिक खरिद ऐनको दफा ५२क (१)मा सार्वजनिक निकायले खरिद सम्झौता पश्चात आपूर्तिकर्ता, निर्माण व्यवसायी वा सेवा प्रदायकबाट अग्रिम बैंक जमानत लिई खरिद सम्झौता रकमको बीस प्रतिशतमा नबढ्ने गरी पेश्की दिन सक्ने व्यवस्था छ। पालिकाले सक्रान्तीबजार व्यवस्थापनका लागि निर्माण व्यवसायी थापा सिन्धुली जेभी सँग मूअकर र प्रोभिजनल समको रकम वाहेक रु.५,४६,२६,२२०।०० को २० प्रतिशतले हुने रु.१,०९,२५,२४४ ।- मात्र पेश्की दिनुपर्नेमा देहाय अनुसार रु.१,२५,९१,५२४।- पेश्की प्रदान गरेको देखिन्छ। यसरी बढी पेश्की भुक्तानी भएको पालिकाले अन्तिम बिल भुक्तानी गर्दा मात्र पुरै पेश्की फर्स्यौट गरेको देखियो ।सम्झौतामा उल्लेखित रकम भन्दा बढी पेश्की दिइएको रु.१६,६६,२८०।- को बार्षिक १० प्रतिशत ब्याजदरले हुने १ वर्षको जम्मा रु.१,६६,६२८।- ब्याज असुल हुनु पर्ने रु...

| पेश्की किस्ता | गोश्वारा भौचर र मिति | भुक्तानी पेश्की रकम | पाउने पेश्की रकम | वढि पेश्की भुक्तानी |
|---|---|---|---|---|
| पहिलो | २ २०७९।६।१२ | ६२९५७६२ | ५४६२६२२ | ८३३१४० |
| दोस्रो | ४ २०७९।८।२९ | ६२९५७६२ | ५४६२६२२ | ८३३१४० |
| जम्मा | | १,२५,९१,५२४ | १,०९,२५,२४४ | १६,६६,२८० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६६,६२८ |

९९.३ **स्पेशीफिकेशन भन्दा बढि** : ठेक्का नं १७-२०७८।०७९ स्टाण्डर्ड स्पेशिफिकेशन अफ रोड एण्ड व्रिज २०७३ (संशोधन २०७५ समेत) वुंदा नं १३१० अनुसार प्रिमिक्सको उचाइ २० एमएम सम्म गर्न सकिने व्यवस्था गरेको देखिन्छ ।पालिकाले सक्रान्तीबजार व्यवस्थापन सडकको आइटम नं ६ को कार्य गराउँदा २० एम.एम .प्रिमिक्सको उचाइ कायम गरी सडक कालोपत्रे गर्नुपर्नेमा पालिकाले ४० एम.एम. प्रिमिक्सको उचाई कायम गरी २२५ घ.मि. कार्यको प्रति घ.मि. रु.१६,०००।- का दरले भुक्तानी गरेको देखियो।तोकिएको स्टाण्डर्डको पालना नगर्नु यसको कारण हो।उक्त कार्य को स्टाण्डर्ड स्पेशिफिकेसन अफ रोड एण्ड व्रिजले तोके भन्दा बढी उचाइ कायम गरी कार्य गरेको कारण जम्मा ११२.५० घ.मि.को प्रति घ.मि. रु.१६,००० घ.मि. ले हुने रु.१८,००,०००।- र मूल्यअभिवृद्धि कर रु.२,३४,०००।- समेत जम्मा रु.२०,३४,०००।- लागत बढ्न गएको देखियो । स्पेशिफिकेशन भन्दा बढि उचाई राखी लागत अनुमान तयार गरी कार्य गराएको कारण पालिकालाई थप व्यभार पारेको अनियमित देखिएको रु......

| | |
|---|---|
| अनियमित भएको | २०,३४,००० |

९९.४ सब वेसको कार्य : पालिकाले चनेज १+४०२ देखि १+४९७ सामुदायिक भबन खण्डमा बाटो कालोपत्रे नगरेको अवस्थमा समेत सव वेसको कार्य गरी १२४.१ घ.मि.को प्रति घ.मि. रु.२२०० का दरले हुने मूल्य अभिवृद्धि कर समेत जम्मा रु.३,०८,५१३ खर्च जनाएको उपयुक्त देखिएन।कालोपत्रे नगरी सव वेसको कार्य मात्र गर्दा बर्षातको समयमा सव वेस बगेको तथा पुन सोही कार्य गर्नु पर्ने अवस्था छ। पालिकाले शुरु डिजाइनमा नभएको उक्त खण्डमा कालोपत्रे नगरी सव वेसको कार्यमा भएको खर्चको उपदेयता पुष्टि नभएको खर्च रु.

| | |
|---|---|
| अनियमित भएको | ३,०८,५१३ |

१०० **डीपीआर खर्चः**

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको विवरण पेश गरेको छ। यसरी यस वर्ष पालिकाले गरेको ५ वटा अध्ययन प्रतिवेदन मध्ये ३ वटा (६० प्रतिशत) कार्यान्वियन नभएको देखिन्छ। यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको आफ्नो प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ। साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनका लागि बजेट व्यवस्थापन गरी कार्यान्वियन गर्नुपर्दछ ।

| क्र सं | नाम कार्यक्रमको नाम | परामर्शदाता | स्वीकृत बजेट | खर्च रकम | कार्यान्वियन भए / नभएको |
|---|---|---|---|---|---|
| १ | मुलपानी आधारभुत विद्यालय डीपीआर | ब्रिक कन्सल्ट प्रा. लि | १८००००० | १७९६७०० | कार्यान्वियन नभएको |
| २ | फाक्चुवा खोला - आहाले - हात्ति खर्क | इन्सिच्यूट फर रिसोर्स म्यानेजमेण्ट एण्ड टेक्नोलोजि | १२००००० | ११९१०२० | कार्यान्वियन नभएको |
| ३ | सामुदायिक पार्क झाक्री गुफा पर्यटकिय पार्क | दसमिट इन्जिनियरिङ कन्सल्टेन्सी | ३००००० | २९६४६६ | कार्यान्वियनको चरणमा रहेको |
| ४ | ढुङ्गा गिट्टी को आई. ई ई | राप्ति मेची इन्जिनियरिङ कन्सल्टेन्सी | ५००००० | ४९०७३६ | कार्यान्वियन भएको |
| ५ | ल्याण्डफिल साइड आई. ई ई | द समिट इन्जिनियरिङ कन्सल्टेन्सी | ५००००० | ४९३५८४ | कार्यान्वियन नभएको |

१०१ **ढिला गरी प्रतिवेदन पेशः**

सार्वजनिक खरिदको नियमावली,२०६४ को नियम १२१ अनुसार कावु बाहिरको परिस्थितिले बाहेक तोकिएको समयमा कार्य सम्पन्न नभएमा पूर्वनिर्धारित क्षतिपूर्ति असुल गर्नपर्ने व्यवस्था छ । त्यस्तै गाउँपालिका र ब्रिक कन्सल्ट प्रा.लिबीच भएको सम्झौतामा ढिलो गरी प्रतिवेदन पेश गरेमा १० प्रतिशत नबढ्ने गरी प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति लाग्ने उल्लेख छ। गाउँपालिकाले ब्रिक कन्सल्ट प्रा.लिसँग मुलपानी आधारभुत विद्यालयको विस्तृत आयोजना प्रतिवेदन तयार गर्न रु.१७९६७०० मा सम्झौता गरेको देखियो। सम्झौता अनुसार २०८० चैत्र मसान्त भित्र अन्तिम प्रतिवेदन पेश गर्नुपर्नेमा ढिलो गरी २०८१ बैशाख २४ गते प्रतिवेदन पेश भएको देखिएकाले सम्झौताको शर्त अनुसार २४ दिनको प्रतिदिन ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति रु. १९,०८० असुल गरी स्थानीय सञ्चित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,०८० |

१०२ **आन्तरिक आय तर्फः**

यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन्।

१०२.१

**मूल्य अभिवृद्धि कर** - मूल्य अभिवृद्धी कर ऐन, २०५२ बमोजिम सबै प्रकारको कारोबारमा १३ प्रतिशत मू.अ.कर लाग्ने व्यवस्था छ। त्यस्तै पालिकासँग सम्झौताको दफा नं ४ मा कर सम्बन्धि अन्य विषय नेपाल सरकार, प्रदेश सरकार तथा गाउँपालिकाको आर्थिक ऐन तथा अन्य प्रचलित ऐन अनुसार हुने उल्लेख छ।पालिकाले प्राकृतिक स्रोतको बिक्रीको लागि ठेक्का व्यवस्थापन गर्दा बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर रु.१,७०,५४९ असुल गर्नुपर्नेमा असुल नगरेको देखिएकाले ठेक्का साकार गर्ने देहायका निर्माण व्यावसायीबाट असुल गर्नुपर्ने रु...

| सि. नं | ठेक्काको नाम | सम्झौता रकम | ठेकदारको नाम | सम्झौता अवधि | दाखिला रकम रु. | मु.अ.कर रकम |
|---|---|---|---|---|---|---|
| १ | आँपटार बगर बालुवा र ग्राभेल | २, ६१ , ९१८ . ७२ | डि. एम . निर्माण सेवा | २०८०।१०।२८ देखि २०८१।०२।३२ | २, ६० , ००० | ३४०४९ |
| २ | माझिटार तल्लो बगर बालुवा र ग्राभेल | १०, ५० , ००० | ADOBE Construction and suppliers | २०८०।०९।२६ देखि २०८१।०२।३२ | १०, ५० , ००० | १३६५०० |
| जम्मा | | | | | १३, १० , ००० | १, ७० , ५४९ |

| असुल गर्नुपर्ने | १,७०,५४९ |
|---|---|

१०२.२ **सम्झौता अनुसारको राजश्व :** पालिका र डि.एम. निर्माण सेवाबीच आँपटार बगर बालुवा र ग्राभेल लगायत नदिजन्य आय संकलन गर्न मिति २०८०।१०।२८ मा सम्झौता भएको देखियो । उक्त सम्झौतामा ढुङ्गा १२२७७ क्यू.फिट र बालुवा २८६४७.३६ क्यू.फिट उत्खनन बापत रु. २,६१,९१८.७२ भ्याट बाहेक बुझाउने उल्लेख छ।उक्त निर्माण सेवाले रु.२,६०,०००राजश्व दाखिला गरेको देखिए पनि रु. १,९१९ राजश्वा बुझाउन बाकि रहेको देखियो। बुझाउन बाँकि रहेको राजश्व र ग बिक्री मूल्यमा लाग्ने मूल्य अभिवृद्धि कर तथा ब्याज समेत हिससाव गरी असुल गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १,९१९ |
|---|---|

१०२.३ **विभाज्य कोषमा रहेको राजश्व बाँडफाँड** : कोशी प्रदेशको आर्थिक ऐन, २०७८ को दफा ७ मा बालुवा र गिटी ठेक्काबाट प्राप्त आयको ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले यस वर्ष बालुवा बिक्रीबाट प्राप्त आय रु.१७,८३,९४२।- को ४० प्रतिशत रु.७,१३,५७७ प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्नेमा हालसम्म जम्मा गरेको देखिएन।आर्थिक ऐन अनुसार प्राप्त आयको ४० प्रतिशत प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्ने रु.

| प्रमाण पेश नगरेको | ७,१३,५७७ |
|---|---|

१०२.४ **घटी परिमाण ठेक्का र स्टक प्रमाणिकरण :** तेह्रथुम जिल्ला भएर बग्ने तमोर नदिको बगरबाट नदिजन्य पदार्थ उत्खनन प्रयोजनार्थ तयार गरिएको प्रारम्भिक वातावरणीय प्रतिवेदन अनुसार तमोर नदिका ८ वटा वगर क्षेत्रमा नदिजन्य पदार्थ उत्खनन गर्न सकिने भनि क्षेत्रगत परिमाण सिफारिस गरेको छ । पालिकाले प्रकाशन गरेको पहिलो सूचनामा ८ वटा बगर क्षेत्रका कुल सम्भाव्यता मध्ये पचास प्रतिशत परिमाणको लागि मात्र सूचना प्रकाशन गरेको देखिन्छ ।सूचनामा उल्लेख भएका मध्ये माझिटार तल्लो बगर बालुवा र ग्राभेलका लागि मात्र ठेक्का कबोल गरेको देखियो ।त्यस्तै दोस्रो पटक सूचना प्रकाशन गर्दा आँपटार बगरका लागि ठेकदार कम्पनीले कबोल गरेको देखिन्छ। वार्षिक समभाव्यताका आधारमा राप्ति मेची इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि ले तयार गरेको प्रारम्भिक वातावरणीय प्रतिवेदनमा बार्षिक परिमाण उल्लेख गरेता पनि पुरै परिमाणको लागि ठेक्का आवह्वान भएको देखिएन।त्यस्तै उक्त स्थानको प्राविधिकबाट नापजाँच गरी स्टक प्रमाणिकरण नगराइ सूचनामा उल्लेख भएको परिमाणकै आधारमा गणना गरी राजश्व दाखिला गरेको छ । प्राकृतिक स्रोतको बिक्रीको लागि ठेक्का व्यवस्थापन भए पश्चात उत्खन सुरु र अन्त्यमा स्टकको वास्तविक नाप जाँच गरी परिमाणको प्रमाणिकरण गरिनु

पर्दछ ।त्यसै गरी परिमाण नियन्त्रणको भरपर्दो व्यवस्था गरी उत्खनन गर्न सकिने परिमाण भित्र रहि अधिकत्तम परिमाणको ठेक्का बन्दोबस्त गरी आन्तरिक आय वृद्धि गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

| नदि वगरको नाम | प्रारम्भिक वातावरणीय प्रतिवेदनमा बार्षिक उत्खन गर्न मिल्ने परिमाण १०० प्रतिशत | उत्खन गर्न ठेक्का आवह्वान भएको परिमाण |
|---|---|---|
| आँपटार बगर बालुवा र ग्राभेल | २९०० घ. मि . | 1160 |
| माझिटार तल्लो बगर बालुवा र ग्राभेल | 108०० घ. मि . | 4730 घ. मि . |

१०३ **सामाजिक सुरक्षा भत्ता**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा देखिएका थप व्यहोराहरु देहाय अनुसार छंन् ।

१०३.१ सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन,२०७५, सामाजिक सुरक्षा नियमावली, २०७६ सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि-२०७७, विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति-२०७४ को प्रावधान बमोजिम गर्नु पर्ने व्यवस्था छ । पालिकालाई सामाजिक सुरक्षा कार्यक्रमको लागि यो वर्ष नेपाल सरकारबाट रु ८,९१,८७,३४२/- बजेट प्राप्त भएकोमा यस पालिकाले रु.८,८८,९८,४११।– निकासा गरेको देखियो । भत्ता वितरण गर्दा कानुनमा व्यवस्था भए बमोजिम वडा र बैंकको Reverse Feed / Forward Feed को प्रयोग गरेको पाईयो । सो निकासा रकम मध्ये बैकमा रहेको मौज्दात रु.२,८८,९३१। बैकबाट फिर्ता गरी पालिकाले संघीय संचित कोषमा दाखिला गरिसकेको आर्थिक विवरण लेखापरिक्षणमा पेश भएको छ।

१०३.२ सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ तथा विद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४ को बुँदा नं ६.४.१ अनुसार प्रत्येक वडामा एक मात्र वैंक तथा वित्तिय संस्था मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने गरी स्थानीय तहले वैंक तथा वित्तिय संस्था छनौट गरी सम्झौता गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले वडा नं १, २, ३, ४, ५ र ७ को लागि नबिल बैकसंग र वडा नं ६ को लागि कृषि विकास बैकसंग सम्झौता गरी लाभग्राहीहरुलाई सामाजिक सुरक्षा भत्ता बापतको रकम भुक्तानी हुने गरी सम्झौता भएको देखियो ।

१०३.३ सामाजिक सुरक्षा नियमावली २०७६ को नियम ९ अनुसार प्रत्येक आर्थिक वर्षको कार्तिक मसान्त भित्र लाभग्राहीको परिचयपत्र नविकरण गर्नुपर्ने र नियम ११ मा नियम ५ अनुसार छनौट भएका लाभग्राहीलाई निवेदन दिएपछिको महिनापछि भत्ता वितरण हुनुपर्ने व्यवस्था रहेको छ । पालिकाबाट नवीकरण सम्बन्धमा विवरण प्राप्त नभएकोले यस सम्बन्धमा यकिन गर्न सकिएन ।

१०४ **भत्ता वितरणको अनुगमन**

सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

१०५ **एम.आइ.एस प्रणालिमा प्रतिवेदन**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

१०६ **लगत कट्टाको अभिलेख**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं ११ मा मृत्यू भएमा, बसाइँ सरी गएमा, एकल वा विद्यवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष (साठी महिना) उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आर्थिक बर्षको कुनै पनि किस्ता रकम नबुझेमा बा बैंक मार्फत वितरण भएकोमा लगातार एक बर्षसम्म खाता निष्क्रिय भएमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएमा त्यस्ता लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहको मूल अभिलेखबाट कट्टा गर्नुपर्ने तथा लगत कट्टा गरिएको व्यहोरा अभिलेखमा स्पष्ट जनाई सम्बन्धित स्थानीय तहको वडाका सचिब वा निजले तोकेको जिम्मेवार पदाधिकारीले प्रमाणीत गर्नुपर्ने व्यवस्था छ। लेखापरीक्षणको क्रममा मुल अभिलेख खाता र आर्थिक वर्ष २०८०।८१ को लगत कट्टाको विवरण माग भएकोमा उपलब्ध भएन। मुल अभिलेख खाता र लगत कट्टाको स्पष्ट अभिलेख नभएकाले कार्यविधिको बुँदा नं. १२ बमोजिम लगत कट्टा गर्नुपर्ने लाभग्राहीको लगत कट्टा भए नभएको र लगत कट्टा गर्नुपर्ने व्यक्तिलाई समेत भुक्तानी भएको छैन भनी एकीन गर्न सकिएन। आगामी दिनमा पालिकाले कार्यविधिको पालिना गर्दै सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीको विवरण अध्यावधिक गरी भत्ता वितरण गर्नुपर्दछ

१०७ **दोहोरो नागरिकता नम्वर**

पालिकाले सामाजिक सुरक्षा भत्ता वितरणको लागि तयार गरेको विवरणमा एकै नागरिकता नम्बर भएको दुई व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता विवरण गरेको विवरणबाट देखिएको छ । सामाजिक सुरक्षा व्यवस्थापन प्रणालीमा विवरण भर्दा यकिन गरेर मात्र विवरण भर्ने तर्फ सम्बन्धित शाखाले ध्यान दिनु पर्दछ । साथै नियमानुसार प्रत्येक व्यक्तिको नागरिकता नम्वर फरक हुनुपर्नेमा एकै नागरिकता भएको दुई वा दुई भन्दा बढी व्यक्ति रहेकोले नागरिकता नम्वर सच्याउन सम्वन्धित निकायमा लेखि पहल गर्नुपर्दछ। यसका केही उदाहरणहरू निम्नानुसार रहेका छन् । यस सम्बन्धमा कार्यालयले यकिन गरी भत्ता वितरण गर्नुपर्दछ।

| SN | Member Name | Personal Id | Ward | Citizenship | Deposited |
|---|---|---|---|---|---|
| | | | Number | Number | Amount |
| 1.00 | Budha Maya Singhak | 2014110800093.00 | 4.00 | 83025172.00 | 7980.00 |
| 2.00 | Durga Devi Jarga | 2041021500071.00 | 4.00 | 83025172.00 | 7980.00 |
| 3.00 | chandra kala rai | 2036030401033.00 | 2.00 | 83033206.00 | 7980.00 |
| 4.00 | sachinal darnal | 2076072505108.00 | 2.00 | 83033206.00 | 1596.00 |
| 5.00 | Janapa Devi Bhattarai | 2012012203249.00 | 4.00 | 1024.00 | 12000.00 |
| 6.00 | Prasad Singh Ingnam | 2023011505245.00 | 4.00 | 1024.00 | 11970.00 |
| 7.00 | Sashi Prasad Kan | 2004011100682.00 | 5.00 | 1049.00 | 12000.00 |
| 8.00 | Bal Bahadur Sarki | 2014061002126.00 | 5.00 | 1049.00 | 7980.00 |
| 9.00 | Chandra Kumari Kandangwa | 2000040506873.00 | 6.00 | 1196.00 | 12000.00 |
| 10.00 | Devi Maya Pahim | 1990030900113.00 | 2.00 | 1196.00 | 12000.00 |
| 11.00 | Shree Maya Khawas | 2002041400247.00 | 5.00 | 1196.00 | 12000.00 |
| 12.00 | Indra Maya Kandangwa | 2011032402252.00 | 5.00 | 1256.00 | 12000.00 |
| 13.00 | suk maya limbu | 2009101504511.00 | 2.00 | 1256.00 | 12000.00 |
| 14.00 | Bhakta Bahadur Bhusal | 2003101300178.00 | 5.00 | 1502.00 | 12000.00 |
| 15.00 | Padam Bahadur Kandangwa | 1995031501281.00 | 5.00 | 1502.00 | 12000.00 |
| 16.00 | Devi Maya Bishwakarma | 2029050900619.00 | 1.00 | 1520917209.00 | 7980.00 |
| 17.00 | Lalita Rai | 2029021001653.00 | 1.00 | 1520917209.00 | 7980.00 |
| 18.00 | DEU MAYA GURUNGNI | 1991052100061.00 | 3.00 | 15605041.00 | 12000.00 |
| 19.00 | Deu Maya Gurung | 1994020300318.00 | 3.00 | 15605041.00 | 12000.00 |
| 20.00 | KUL BAHADUR DAMAI | 2016011503145.00 | 3.00 | 157.00 | 7980.00 |
| 21.00 | Ram Prasad Moktan | 2008040802374.00 | 6.00 | 157.00 | 12000.00 |
| 22.00 | Khadga Bahadur Kandangwa | 2006070401802.00 | 6.00 | 157.00 | 12000.00 |
| 23.00 | Ran Maya Majhi | 2000050705381.00 | 5.00 | 1814.00 | 12000.00 |
| 24.00 | Tilak Singh Yonjan | 2003090400203.00 | 5.00 | 1814.00 | 12000.00 |
| 25.00 | Bishal Gautam | 2063122200443.00 | 1.00 | 205.00 | 11970.00 |
| 26.00 | Dhurba Chandra Lakandri | 2017071800959.00 | 2.00 | 205.00 | 7980.00 |
| 27.00 | sita ram lagade | 2015061002743.00 | 3.00 | 205.00 | 7980.00 |
| 28.00 | HARKA MAYA DANGI | 2018071800133.00 | 3.00 | 2100.00 | 7980.00 |
| 29.00 | Tanka Prasad Baskota | 2005031901538.00 | 6.00 | 2100.00 | 12000.00 |
| 30.00 | Bhakta Raj Rai | 2002071502292.00 | 5.00 | 2119.00 | 12000.00 |
| 31.00 | Sancha Maya Limbu | 2023111600045.00 | 6.00 | 2119.00 | 7980.00 |
| 32.00 | Jai Man Limbu | 2000010105391.00 | 6.00 | 2196.00 | 12000.00 |
| 33.00 | Kerehang Limbu | 1999010500892.00 | 6.00 | 2196.00 | 12000.00 |
| 34.00 | Tika Devi Ka | 2005011500714.00 | 6.00 | 2196.00 | 12000.00 |
| 35.00 | Thag Bahadur Bhujel | 2009121507463.00 | 2.00 | 245.00 | 12000.00 |
| 36.00 | Pabitra Debi Gurung | 2006122801421.00 | 4.00 | 245.00 | 12000.00 |
| 37.00 | Deu Bahadur Kangandwa | 2003091300501.00 | 5.00 | 245.00 | 12000.00 |
| 38.00 | DEVIMAYA BUDHATHOKI | 1999092700105.00 | 3.00 | 357.00 | 12000.00 |

| | | | | | |
|---|---|---|---|---|---|
| 39.00 | Ran Maya Limbu | 1985121800065.00 | 3.00 | 357.00 | 12000.00 |
| 40.00 | Ratna Maya Gurung | 1985122800056.00 | 3.00 | 357.00 | 12000.00 |
| 41.00 | Hari Maya Siwa | 2015041500311.00 | 5.00 | 830294.00 | 7980.00 |
| 42.00 | Suka Maya Moktan | 2016021600162.00 | 5.00 | 830294.00 | 7980.00 |
| 43.00 | Shanta Maya Majhi | 2021010200123.00 | 5.00 | 830294.00 | 7980.00 |
| 44.00 | Suka Kumari Limbu | 2031062800035.00 | 5.00 | 830294.00 | 7980.00 |
| 45.00 | Bishnu Maya Tamang | 2003100100249.00 | 6.00 | 83030.00 | 12000.00 |
| 46.00 | Maya Devi Bhusal | 1987100400099.00 | 5.00 | 83030.00 | 12000.00 |
| 47.00 | Man Maya Gahatraj | 2004111500476.00 | 6.00 | 83030.00 | 12000.00 |
| 48.00 | Suk Maya Kami | 2011051100282.00 | 6.00 | 83030.00 | 12000.00 |
| 49.00 | Dhan Kumari Nepuane | 2046111600087.00 | 6.00 | 83030.00 | 6384.00 |
| 50.00 | Hima Devi Magar | 2047011800074.00 | 6.00 | 83031.00 | 6384.00 |
| 51.00 | Bal Bahadur Biswakarma | 2001051001051.00 | 6.00 | 83031.00 | 12000.00 |
| 52.00 | Jamuna Sunar | 2009111500319.00 | 6.00 | 83031.00 | 12000.00 |
| 53.00 | Mangal Maya Rasaily | 2009060900106.00 | 6.00 | 83031.00 | 12000.00 |
| 54.00 | Chandra Kala Dhungel | 2046031400097.00 | 6.00 | 83031.00 | 11970.00 |
| | Total | | | | 5, 65 , 974 |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : आठराई गाउँपालिका, तेह्रथुम , आठराई गाउँपालिका , तेह्रथुम

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | निराज शर्मा | २०८०-४-२२ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | शत्रुधन साह | २०७९-६-५ | २०८०-४-२१ |
| लेखा प्रमुख | सुजन थापा | २०७९-४-२५ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ९,०१२,६१२ | १३,०९३,४५५ | ९,१३६,६५४ | ० | ० | १,६११,२४० |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | ३२,८५३,९६१ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | ३२,८५३,९६१ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १०८६२७९७३.८ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ४८४४७६२८६.१ | चालु खर्च | ४२८४५०७१८.८ |
| प्रदेश सरकारबाट अनुदान | १४७२६७६२ | पूँजीगत खर्च | १८९०७०७०८.३९ |
| राजश्व बाँडफाँट | ८१६३९९८२.३३ | वित्तीय/अन्य व्यवस्था | ५५००००.० |
| आन्तरिक आय | ५४३७७४९.०२ | | |
| अन्य आय | १८४०००.० | | |
| कुल आय | ५८६४६४७७९.४५ | कुल खर्च | ६१८०७१४२७.१९ |
| बाँकी मौज्दात | | ७७०२१३२६.०६ | |

## बेरूजु दफा ८६ सँग सम्बन्धित विवरण - अनुसूची - ३

| सि.नं. | योजनाको नाम | सम्झोता रकम | जम्मा मूल्याकन रकम | जनश्रमदान ब्यहोरेको ५ प्रतिशत रकम | जनश्रमदान १० प्रतिशत ब्यहोर्दा आउने रकम | फरक |
|---|---|---|---|---|---|---|
| १ | वर्डा कार्यालय लिफ्ट खानेपानी | 99,878.36 | 99,878.44 | 4,993.92 | 9,987.84 | 4,993.92 |
| २ | पाथीभरा मन्दिर परिसर व्यवस्थापन (याकुम्बागढी जाने बाटोको) | 520,781.30 | 520,781.30 | 26,039.07 | 52,078.13 | 26,039.07 |
| ३ | भगवती मन्दिर सडक नाली तथा ब्लक निर्माण | 815,511.66 | 799,642.02 | 39,982.10 | 79,964.20 | 39 ,982.10 |
| ४ | मालपोत कार्यालय संक्रन्ति बजार व्यवस्थापन | 99,817.20 | 99,817.20 | 4,990.86 | 9,981.72 | 4,990.86 |
| ५ | संक्रान्तिबजार खानेपानी व्यवस्थापन योजना | 4,918,895.08 | 152,960.18 | 7,648.01 | 15,296.02 | 7,648.01 |
| ६ | एन सी सी चर्च भवन निर्माण | 864,969.23 | 871,569.00 | 43,578.45 | 87,156.90 | 43,578.45 |
| ७ | खुङरीङ बर्षे खानेपानी मर्मत योजना | 50,953.47 | 47,327.31 | 2,366.37 | 4,732.73 | 2,366.37 |
| ८ | जनता आघारभुत विघालय व्यवस्थापन खाम्लालुङ | 102,343.26 | 100,612.09 | 5,030.60 | 10,061.21 | 5,030.60 |
| ९ | टनेल खरीद वितरण कार्यक्रम | 99,135.96 | 99,135.96 | 4,956.80 | 9,913.60 | 4,956.80 |
| १० | थालेडाँडा पार्क व्यवस्थापन | 518,393.92 | 496,474.95 | 24,823.75 | 49,647.50 | 24,823.75 |
| ११ | भु.पु. खानेपानी ट्यांकी मर्मत तथा व्यवस्थापन | 510,770.78 | 498,864.21 | 24,943.21 | 49,886.42 | 24,943.21 |
| १२ | सेपिले खानेपानी ट्यांकी मर्मत तथा लाईन विस्तार | 510,770.78 | 498,864.21 | 24,943.21 | 49,886.42 | 24,943.21 |
| १३ | पाक्तिन सार्वजनिक शौचालय निर्माण | 424,573.50 | 405,912.60 | 20,295.63 | 40,591.26 | 20,295.63 |
| १४ | वडा नं. २ कार्यालय भवन निर्माण | 996,141.64 | 955,670.38 | 47,783.52 | 95,567.04 | 47,783.52 |
| १५ | बानीयाँ गाउँ काठेपुल निर्माण | 103,273.96 | 83,368.95 | 4,168.45 | 8,336.90 | 4,168.45 |
| १६ | वडा नं २ कार्यालय भवन निर्माण क्रमागत | 155,616.33 | 152,375.94 | 7,618.80 | 15,237.59 | 7,618.80 |
| १७ | लिङदेन खोला काठेपुल निर्माण योजना | 101,566.18 | 97,541.76 | 4,877.09 | 9,754.18 | 4,877.09 |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १८ | २ न.वडा पाईप खरीद तथा वितरण कार्यक्रम | 99,264.53 | 99,573.60 | 4,978.68 | 9,957.36 | 4,978.68 |
| १९ | श्री महेन्द्र मा.वि.भवन निर्माण (साझेदारी) | 613,140.06 | 605,809.49 | 30,290.47 | 60,580.95 | 30,290.47 |
| २० | सुब्दार टोल काठेपल निमार्ण योजना | 51,535.41 | 50,654.34 | 2,532.72 | 5,065.43 | 2,532.72 |
| २१ | थालडाँडा देखी सामुदार्ाइक स्वास्थ्य चौकिसम्म सड्क सोलिङ योजना | 111,254.39 | 105,572.98 | 5,278.65 | 10,557.30 | 5,278.65 |
| २२ | हाङश्रौङ देखी साविक २ न वडा जोडने भैसे खोला पुल निर्माण | 101,915.61 | 101,178.94 | 5,058.95 | 10,117.89 | 5,058.95 |
| २३ | झाक्री गूफा सेल्फी घर तथा पानी तान्ने पम्प खरीद पाईप लाईन विस्तार | 326,628.70 | 314,125.17 | 15,706.26 | 31,412.52 | 15,706.26 |
| २४ | वाईपूङ डाडा देखि बुद्ध आ. बि. सडक सोलिंङ योजना | 165,501.70 | 161,958.18 | 8,097.91 | 16,195.82 | 8,097.91 |
| २५ | वाईफुङडाँडा आर्याघाट सम्दु सड्क सोलिङ | 654,778.80 | 645,547.55 | 32,277.38 | 64,554.75 | 32,277.38 |
| २६ | आठराई पुस्तकालय निर्माण | 1,049,903.35 | 1,049,889.95 | 52,494.50 | 104,989.00 | 52,494.50 |
| २७ | झाक्री गूफा सग्रालय | 1,557,613.87 | 1,550,643.95 | 77,532.20 | 155,064.39 | 77,532.20 |
| २८ | श्री कालिका आ.वि. व्यवस्थापन , आठराई गा.पा. वार्ड नं. २ | 213,690.48 | 213,690.48 | 10,684.52 | 21,369.05 | 10,684.52 |
| २९ | डुवा कुलो मर्मत योजना आ.गा.पा.-२ | 310,431.40 | 310,431.40 | 15,521.57 | 31,043.14 | 15,521.57 |
| ३० | नेनेवा हुदै सम्थुंग खानेपानी योजना आ.गा.पा.-२ | 163,106.70 | 156,461.65 | 7,823.08 | 15,646.17 | 7,823.08 |
| ३१ | पाखिबोटे खानेपानी योजना आ.गा.पा.-२ | 155,835.01 | 466,893.05 | 23,344.65 | 46,689.31 | 23,344.65 |
| ३२ | सिम्सारा खानेपानी योजना आ.गा.पा.-२ | 110,366.13 | 110,366.13 | 5,518.31 | 11,036.61 | 5,518.31 |
| ३३ | गैरीगाउँ खानेपानी मर्मत योजना आ.गा.पा.-२ | 52,156.41 | 52,156.41 | 2,607.82 | 5,215.64 | 2,607.82 |
| ३४ | जुरे आ.वि. व्यवस्थापन , आठराई गा.पा. वार्ड नं. २ | 50,857.66 | 49,400.10 | 2,470.01 | 4,940.01 | 2,470.01 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३५ | बुद् आ.बि. प्रशासनिक भवन निर्माण | 322,213.73 | 322,213.73 | 16,110.69 | 32,221.37 | 16,110.69 |
| ३६ | बगाले शहिद पार्कमा ग्रेनाईट शिलालेख | 123,565.51 | 118,040.84 | 5,902.04 | 11,804.08 | 5,902.04 |
| ३७ | मौलाडाँडा हवाकु मलामी पार्टी निर्माण | 280,070.97 | 275,261.58 | 13,763.08 | 27,526.16 | 13,763.08 |
| ३८ | प्रहरी चौकी (टवाईलेट तथा भान्साघर निर्माण ) | 434,642.59 | 365,550.65 | 18,277.53 | 36,555.06 | 18,277.53 |
| ३९ | सरस्वती माघ्यमिक विघालय खानेपानी ईन्टेक | 51,473.99 | 44,393.31 | 2,219.67 | 4,439.33 | 2,219.67 |
| ४० | सामुदायिक स्वास्थ्य ईकाइ हवाकु कार्यालय व्यवस्थापन | 98,555.47 | 98,555.47 | 4,927.77 | 9,855.55 | 4,927.77 |
| ४१ | पुरानो स्वास्थ्य चौकी भवन मर्मत प्लाष्टर तथा रगरोगन हवाकु | 408,515.01 | 405,022.19 | 20,251.11 | 40,502.22 | 20,251.11 |
| ४२ | जलसिंह आधारभूत बिधालय छाना तथा भवन मर्मत | 336,274.63 | 334,244.07 | 16,712.20 | 33,424.41 | 16,712.20 |
| ४३ | वडा कार्यालय भवन वाईरिङ | 126,604.67 | 125,239.67 | 6,261.98 | 12,523.97 | 6,261.98 |
| ४४ | दुर्गा मन्दिर व्यबस्थापन | 153,410.95 | 141,463.12 | 7,073.16 | 14,146.31 | 7,073.16 |
| ४५ | ईलाका प्रहरी कार्यालय संक्रान्तिबजार परिसर घेराबारा | 2,699,926.82 | 2,716,085.23 | 135,804.26 | 271,608.52 | 135,804.26 |
| ४६ | खुल्ला ढुङ्गा संग्रहालय व्यवस्थापन | 518,543.27 | 516,851.35 | 25,842.57 | 51,685.14 | 25,842.57 |
| ४७ | छुम्मेडाँडा मलामी पार्टी निर्माण | 259,562.24 | 235,042.49 | 11,752.12 | 23,504.25 | 11,752.12 |
| ४८ | जनाता आ.वि कक्षा कोठा व्यवथापन | 111,041.35 | 102,527.06 | 5,126.35 | 10,252.71 | 5,126.35 |
| ४९ | प्रणामी माध्यमिक विद्यालय ईवा भवन निर्माण साझेदारी | 4,092,292.24 | 4,050,328.39 | 202,516.42 | 405,032.84 | 202,516.42 |
| ५० | पिनासि घाट मलामी पाटी निर्माण | 181,518.66 | 181,518.66 | 9,075.93 | 18,151.87 | 9,075.93 |
| ५१ | हिउदिया दोभान मलामी पार्टी निर्माण | 15,302.08 | 151,450.82 | 7,572.54 | 15,145.08 | 7,572.54 |
| ५२ | श्रीजङ गढी माङहीम निर्माण | 204,402.10 | 201,413.90 | 10,070.70 | 20,141.39 | 10,070.70 |
| ५३ | रन्दल आधारभूत विधालय | 165,714.73 | 155,323.99 | 7,766.20 | 15,532.40 | 7,766.20 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | |
| ५४ | लिम्बु सग्रालय घेरावारा व्यवस्थापन | 631,015.97 | 619,998.16 | 30,999.91 | 61,999.82 | 30,999.91 |
| ५५ | प्रणामी माध्यमिक विद्यालय ईवा भवन निर्माण साझेदारी | 724,590.97 | 721,489.87 | 36,074.49 | 72,148.99 | 36,074.49 |
| ५६ | कबर्डहल पर्केटिंङ्ग तथा शौचालय निर्माण | 1,968,359.01 | 1,805,075.92 | 90,253.80 | 180,507.59 | 90,253.80 |
| ५७ | जलेश्वरी सामुदायिक भवन मर्मत | 443,653.66 | 447,518.06 | 22,375.90 | 44,751.81 | 22,375.90 |
| ५८ | वडा ४ रङगरोगन तथा ममर्त | 205,921.88 | 205,921.88 | 10,296.09 | 20,592.19 | 10,296.09 |
| ५९ | भुजेल सेवा समाज मन्दिर निर्माण योजना आठराई गा.पा. | 183,971.16 | 183,971.16 | 9,198.56 | 18,397.12 | 9,198.56 |
| ६० | श्री नारायण आ.बि कक्षा थप | 761,294.40 | 761,294.40 | 38,064.72 | 76,129.44 | 38,064.72 |
| ६१ | छातेढुंगा कबर्डहल मर्मत तथा सिडी निर्माण | 306,191.60 | 301,303.13 | 15,065.16 | 30,130.31 | 15,065.16 |
| ६२ | नागेश्वरी आ.बि गेट निर्माण | 102,933.61 | 99,037.86 | 4,951.89 | 9,903.79 | 4,951.89 |
| ६३ | पोखरी माध्यमीक विधालय खेल मैदान विस्तार एवम् प्याराफिट निमार्ण आठराई गा.पा ५ | 1,020,437.75 | 1,007,874.55 | 50,393.73 | 100,787.46 | 50,393.73 |
| ६४ | माँझिगाउँ सामुदायिक भवन निर्माण | 745,705.39 | 745,705.39 | 37,285.27 | 74,570.54 | 37,285.27 |
| ६५ | सुपारे-पानदशे-सिडी ढलान र प्रतिक्षालय निर्माण | 461,280.06 | 404,533.37 | 20,226.67 | 40,453.34 | 20,226.67 |
| ६६ | ५ न वडा कार्यालय मर्मत | 209,162.28 | 209,162.28 | 10,458.11 | 20,916.23 | 10,458.11 |
| ६७ | श्री आठई बहुउदेशीय सहकारी सस्था लि .भवन मर्मत | 212,126.31 | 205,926.06 | 10,296.30 | 20,592.61 | 10,296.30 |
| ६८ | कृषि संकलन केन्द्र निर्माण (सुकेपोखरी) | 2,133,117.65 | 97,473.73 | 4,873.69 | 9,747.37 | 4,873.69 |
| ६९ | चुहानडाँडा कबर्डहल निर्माण | 1,887,003.68 | 1,887,003.68 | 94,350.18 | 188,700.37 | 94,350.18 |
| ७० | आठराई गाउँपालिका बिद्यालय रङरोगन पालिका स्तरीय | 779,241.97 | 779,241.97 | 38,962.10 | 77,924.20 | 38,962.10 |
| ७१ | चुहानडाडा खानेपानी सञ्चालन | 864,969.23 | 864,767.71 | 43,238.39 | 86,476.77 | 43,238.39 |
| ७२ | चुहानडाडा स्वास्थ्य चौकी | 102,588.07 | 102,588.07 | 5,129.40 | 10,258.81 | 5,129.40 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | व्यवस्थापन | | | | | |
| ७३ | जलकन्या आ.वि.व्यास्थापन | 102,213.95 | 101,163.42 | 5,058.17 | 10,116.34 | 5,058.17 |
| ७४ | प्यागे खानेपानी टंकी निर्माण | 210,893.39 | 205,680.33 | 10,284.02 | 20,568.03 | 10,284.02 |
| ७५ | फुङिसङ पोखरी ब्यबस्थापन | 313,270.42 | 310,736.33 | 15,536.82 | 31,073.63 | 15,536.82 |
| ७६ | भगवतीआ.बी. व्यवस्थापन | 102,011.32 | 100,720.71 | 5,036.04 | 10,072.07 | 5,036.04 |
| ७७ | मानेडाँडा मलामी पार्टी | 324,756.66 | 100,720.71 | 5,036.04 | 10,072.07 | 5,036.04 |
| ७८ | लाम्चे बर रेड्क्रस उपशाखा शौचालय निर्माण | 324,729.38 | 217,514.66 | 10,875.73 | 21,751.47 | 10,875.73 |
| ७९ | सुर्योदय आ.बि. घेराबारा | 407,450.23 | 407,411.37 | 20,370.57 | 40,741.14 | 20,370.57 |
| ८० | हंस बहिनीआ.बी व्यवस्थापन | 61,697.90 | 55,279.07 | 2,763.95 | 5,527.91 | 2,763.95 |
| ८१ | जोर धारा टहरो निर्माण | 310,313.14 | 308,105.24 | 15,405.26 | 30,810.52 | 15,405.26 |
| ८२ | दलिद बस्ति ड्रम खरिद तथा वितरण | 71,274.50 | 71,274.50 | 3,563.73 | 7,127.45 | 3,563.73 |
| ८३ | कालिका आ . वि. व्यवस्थापन | 60,132.41 | 59,184.60 | 2,959.23 | 5,918.46 | 2,959.23 |
| ८४ | राधाकृष्ण मन्दिर बोखिम व्यवस्थापन | 50,073.00 | 50,073.00 | 2,503.65 | 5,007.30 | 2,503.65 |
| ८५ | शिवधर आबि खेल मैदान निर्माण आठराई गापा ६ | 6,245,004.11 | 624,451.26 | 31,222.56 | 62,445.13 | 31,222.56 |
| ८६ | ६ न. वडा पहिरो सोरसार | | 62,638.51 | 3,131.93 | 6,263.85 | 3,131.93 |
| ८७ | नयाँ वडा कार्यालय भवन बाँकी काम निर्माण योजना | 310,804.11 | 302,653.10 | 15,132.66 | 30,265.31 | 15,132.66 |
| ८८ | नम्जाङ आ.बि. मर्मत तथा व्यवस्थापन योजना | 206,953.81 | 206,715.83 | 10,335.79 | 20,671.58 | 10,335.79 |
| ८९ | भगबती मा.बि. सरस्वती मन्दिर निर्माण योजना | 165,213.54 | 159,127.13 | 7,956.36 | 15,912.71 | 7,956.36 |
| ९० | लोक्ताम सडक पहिरो निर्माण | 417,276.62 | 415,106.12 | 20,755.31 | 41,510.61 | 20,755.31 |
| ९१ | सरस्वती आ.वि जस्तापाता खरिद तथा छाना मर्मत | 109,444.05 | 109,148.05 | 5,457.40 | 10,914.81 | 5,457.40 |
| ९२ | केलीङ खोप केन्द्र बयबस्थापन | 153,412.71 | 152,960.18 | 7,648.01 | 15,296.02 | 7,648.01 |
| ९३ | श्री राम संस्कृत मन्दिर मर्मत तथा व्यवस्थापन | 261,888.48 | 240,874.43 | 12,043.72 | 24,087.44 | 12,043.72 |
| ९४ | लिसिबुङ खोला पुल निर्माण | 57,611.87 | 57,549.41 | 2,877.47 | 5,754.94 | 2,877.47 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ९५ | खोप्रे खोला पहिरो नियन्त्रण योजना (खेलपुर) | 317,106.91 | 316,767.15 | 15,838.36 | 31,676.72 | 15,838.36 |
| ९६ | अलैचे खानेपानी योजना | 313,036.71 | 305,633.98 | 15,281.70 | 30,563.40 | 15,281.70 |
| ९७ | अरिगाले सिरुडाँडा मोटरबाटो सोलिङ | 155,964.27 | 154,506.66 | 7,725.33 | 15,450.67 | 7,725.33 |
| ९८ | हात्ती सुढे कुलो मर्मत | 204,712.51 | 203,838.33 | 10,191.92 | 20,383.83 | 10,191.92 |
| ९९ | जम्दारडाँडा मलामी पार्टी | 212,995.09 | 212,441.62 | 10,622.08 | 21,244.16 | 10,622.08 |
| १०० | खेलपुर खानेपानी योजना (७५) प्रतिशत अनुदान | 133,784.54 | 133,784.54 | 6,689.23 | 13,378.45 | 6,689.23 |
| १०१ | खानेपानि विस्तार सिरुवानि तेम्मेरुङ (७५) प्रतिशत अनुदान | 133,784.54 | 133,784.54 | 6,689.23 | 13,378.45 | 6,689.23 |
| १०२ | विश्वकर्मा टोल खानेपानी योजना (७५) प्रतिशत अनुदान | 133,784.54 | 133,784.54 | 6,689.23 | 13,378.45 | 6,689.23 |
| १०३ | सोदन खानेपानी योजना (७५) प्रतिशत अनुदान | 82,809.77 | 82,809.77 | 4,140.49 | 8,280.98 | 4,140.49 |
| १०४ | तोर्मेधारा खानेपानी हिलटंकि खरिद तथा वितरण | 97,564.00 | 97,564.00 | 4,878.20 | 9,756.40 | 4,878.20 |
| १०५ | गाउँपालिका शौचालय निर्माण | 549,588.51 | 514,427.55 | 25,721.38 | 51,442.76 | 25,721.38 |
| १०६ | वडा नं १ सोदन भिरमुनी बाल कक्षा भवन व्यवस्थापन | 101,568.72 | 94,654.02 | 4,732.70 | 9,465.40 | 4,732.70 |
| १०७ | सक्रान्तिबजार सामुदायिक कटेरो निर्माण | 161,085.90 | 161,085.90 | 8,054.29 | 16,108.59 | 8,054.29 |
| १०८ | मुलपानी हिटी मर्मत सम्भार योजना | 520,184.10 | 387,912.01 | 19,395.60 | 38,791.20 | 19,395.60 |
| १०९ | मुसेगैरा भागेधरा खानेपानी योजना | 104,931.37 | 64,490.08 | 3,224.50 | 6,449.01 | 3,224.50 |
| ११० | मुसेगैरा बाघटोर टोल खानेपानी योजना | 206,662.97 | 193,963.27 | 9,698.16 | 19,396.33 | 9,698.16 |
| १११ | ओखरबोटे कोइरालेडाँडा खानेपानी टयांकी निर्माण तथा व्यबस्थापन | 206,024.51 | 205,711.16 | 10,285.56 | 20,571.12 | 10,285.56 |
| ११२ | शिवालय मन्दिर खानेपानी योजना (पुरानागाउँ ) | 153,293.15 | 147,940.10 | 7,397.01 | 14,794.01 | 7,397.01 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११३ | ए.डी.वि खानेपानी ट्यांकी मर्मत | 105,451.28 | 102,558.86 | 5,127.94 | 10,255.89 | 5,127.94 |
| ११४ | देवीथान मुहान खानेपानी मर्मत हवाकु | 105,041.13 | 101,365.77 | 5,068.29 | 10,136.58 | 5,068.29 |
| ११५ | हवाकु पुछार बाहकोटी गाउँ वडा नं ३ खाने पानी मर्मत योजना | 205,029.39 | 199,224.69 | 9,961.23 | 19,922.47 | 9,961.23 |
| ११६ | युनिसेफ खाने पनि योजना हवाकु | 103,050.38 | 93,231.28 | 4,661.56 | 9,323.13 | 4,661.56 |
| ११७ | थोक्लु खानेपानी ट्यांकी निर्माण तथा पाइप व्यवस्थापन योजना | 424,816.42 | 422,412.98 | 21,120.65 | 42,241.30 | 21,120.65 |
| जम्मा रकम रु | | 56,007,264.79 | 42,798,544.42 | 2,139,927.22 | 4,279,854.44 | 2,139,927.22 |

# सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत एकमुष्टमा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ।
- कार्यालय भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वियन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण तथा खरिद कार्य उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ।

- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू प्रयोग गरेकोमा ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- पालिकामा निर्माणाधीन कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।